## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाशवस्ती,** रिट नं. ०६७-WO-०८१७, उत्प्रेषण समेत, *अशोककुमार कर्ण समेत वि. अर्थ मन्त्रालय समेत*

नेपाल सरकारको अधिकतम् शेयर स्वामित्व भएको दूर सञ्चार कम्पनी राज्य संयन्त्र (State Instrumentality) को परिभाषाअन्तर्गत पर्न आउने देखिँदा समेत सो कम्पनीको सञ्चालन एवं व्यवस्थापनमा नेपाल सरकारको महत्त्वपूर्ण सरोकार निहीत रहने ।

सरकारी कम्पनी भएको नाताले सो कम्पनीको कर्मचारीहरूको पारिश्रमिक तथा आर्थिक सुविधा वृद्धि जस्ता विषयहरूमा देशको समग्र आर्थिक स्वामित्व तथा सन्तुलन सापेक्ष हुने गरी र राज्यका निजामती सेवा तथा अन्य सरकारी सेवामा राज्यले कर्मचारीहरूलाई उपलब्ध गराइआएको पारिश्रमिक तथा सेवा सुविधाको अनुपातमा भेदभाव नहुने गरी मात्र पारिश्रमिक तथा आर्थिक सुविधा निर्धारण गर्ने वृहत्तर दायित्व पनि नेपाल सरकारमा निहीत हुने ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नेपाल सरकारको अधिकतम् शेयर स्वामित्व भएको सरकारी कम्पनी भएको र सो कम्पनीको अन्तिम उत्तरदायित्व नेपाल सरकारमा निहीत हुने देखिन आएको सन्दर्भमा कम्पनीको व्ययभारलाई राज्यको समग्र आर्थिक सन्तुलन तथा विकास नीतिसँग सापेक्ष तुल्याउने प्रयोजनका लागि नेपाल सरकारको भूमिकालाई अर्थपूर्ण बनाउनु वाञ्छनीय देखिन आएको हुँदा अब सो कम्पनी वा यस्तै प्रकृतिको संस्थानलाई दीर्घकालीन रूपमा भार पर्ने कर्मचारीहरूको पारिवारिक तथा आर्थिक सुविधाजस्ता खर्च वा व्ययका सम्बन्धमा नेपाल सरकारको नीतिगत सहमति आवश्यक पर्ने गरी कम्पनी ऐन, २०६३ लगायत अन्य सम्बन्धित कानूनहरूमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने व्यवस्था गर्न आवश्यक कार्य गर्नु भनी विपक्षी अर्थ मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयका नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

संवत् २०६८ साल फागुन १४ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. ०६७-WO-०६३७, उत्प्रेषण, परमादेश समेत, *वसन्त शर्मा वि. सुधीर गुरुङ समेत*

निवेदकले बेरीतपूर्वक तामेल गरिएको भनी दावी गरेको मिति २०६५।३।१७ को तामेली म्यादमा निवेदकको वतन का.जि. गोंगबु गा.वि.स. वडा नं. ५ हो भनी उल्लेख गरिएको तर वास्तविक वतन का.जि.का.म.न.पा. वडा नं. ५ हो भन्ने निवेदन जिकीर भएकोमा रिट निवेदकले दायर गरेको प्रस्तुत रिट निवेदन समेतमा निवेदकले आफ्नो वतन का.जि. गोंगबु गा.वि.स. वडा नं. ५ भनी उल्लेख गरेको देखिएबाट निजको वास्तविक वतन सोही गोंगबु गा.वि.स. वडा नं. ५ नै रहेको तथ्य पुष्टि हुन आएको छ । अतः आफ्नो वास्तविक वतनभन्दा अन्यत्रको वतन उल्लेख गरी म्याद तामेल गरेको भन्ने निवेदकको दावीमा सत्यता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २९ गते रोज ६ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** फौ.साधक नं. २०६५-RC-०००७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किरण चौधरी*

मृतक हरिराम चौधरीलाई वारदात मितिमा निज मञ्जित नेपाली आई यी प्रतिवादीलाई आफ्नो श्रीमती हो भनी मृतकसँग भनाभन गर्न थालेपछि सोही बखत झैझगडा हुँदा प्रतिवादी किरण चौधरीले मृतकको हात समाई दिएकोमा अर्का प्रतिवादी मञ्जित नेपालीले मृतकउपर बञ्चरोले प्रहार गरेको भन्ने तथ्य पुष्टि हुन आएको छ । यसबाट यी प्रतिवादी किरण चौधरी स्वयंले मृतकउपर बञ्चरो प्रहार गरेको नभई मृतकको हातसम्म समाई अर्का प्रतिवादी मञ्जित नेपालीलाई मृतकउपर प्रहार गर्न संयोग पारी दिएकोसम्म देखिन आयो । तसर्थ यी प्रतिवादी किरण चौधरीलाई ज्यानसम्बन्धी महलको १३(४) नं.को सजाय आकर्षित हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** फौ.साधक नं. २०६८-RC-००४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नवराज गन्धर्व समेत*

मृत्युको कारण Physical assult, injury on head भन्ने शव परीक्षणको व्यहोराबाट देखिँदा मृतक आफैँ खोलामा डुबेको कारणबाट निजको मृत्यु भएको भन्ने नभई टाउको समेतमा चोट लागी मरेको भन्ने पुष्टि भइरहेको छ । यसरी पानीमा डुबेर मृतकको मृत्यु भएको भन्ने नभई टाउको समेतमा लागेको चोटबाट मृत्यु भएको देखिएको, मृतकलाई कुटपीट गरेकोमा प्रतिवादीहरू अदालत समेतमा साविते रहेका, प्रतिवादीहरूले कुटपीट गर्दा छुट्याई दिने मनबहादुर नेपाली (सार्की) समेतको मौकाको कागज र बकपत्र समेतबाट यी प्रतिवादीहरू बाहेक अन्य कसैले पनि मृतकलाई चोट पुऱ्याएको भन्ने नदेखिएको, जाहेरवालीले किटानी जाहेरी दिई बकपत्र गरेको समेतका आधार प्रमाणबाट प्रतिवादीहरू नवराज गन्धर्व र प्रकाश परियारको कुटपीट समेतको कर्तव्यबाटै मृतक रामबहादुर नेपालीको मृत्यु भएको तथ्य पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई जन्मकैद हुने ।

प्रतिवादीहरूको उमेर, मृतकले प्रतिवादीको मोबाइल चोरी गरेको कारण वारदात भएको अवस्था, प्रतिवादीहरूको पूर्व रिसइवी समेतको अभावमा सामान्य कुटपीटबाटै वारदात घटेको समेतको अवस्था र वारदातको प्रकृति हेर्दा ठहरेबमोजिम प्रतिवादीहरूलाई सजाय गर्दा चर्को पर्ने नै देखिँदा अ.बं. १८८ नं. बमोजिम प्रतिवादीहरू नवराज गन्धर्व र प्रकाश परियारलाई कैद वर्ष १० का दरले सजाय हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** फौ.साधक नं. २०६७-RC-०१०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सनी राई समेत*

मृतकले बलबहादुर लिम्बूको घरबाट मिति २०६१।११।१ गते राति कुखुराको भाले चोरी गरेको विषयमा प्रतिवादीहरूमध्येका अशोक राईको विवाह भोजमा योजना बनाई बलबहादुर लिम्बूको घर घेरा हाली मृतकउपर प्रतिवादीहरूले आक्रमण गरेको भन्ने जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र तथा वारदातका प्रत्यक्षदर्शीका रूपमा रहेका व्यक्तिहरू सुरेन्द्रकुमार लिम्बू, बलबहादुर लिम्बू र लक्ष्यबहादुर लिम्बू समेतले मृतकलाई यिनै प्रतिवादीहरूले खुकुरी, लाठी, डण्डी समेतले प्रहार गरेको भनी गरेको बकपत्रलगायतको मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरू सनी राई, सुनील चाम्लिङ्ग राई र लाहुरे भन्ने केरुङ्गले प्रहार गरेको चोटबाटै मृतक शुक्रबहादुर लिम्बूको मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरू सनी राई, सुनील चाम्लिङ्ग राई र लाहुरे भन्ने केरुङ्गलाई आरोपित कसूरमा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः विदुर कोइराला

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रा.डा.श्री भरतबहादुर कार्की,** फौ.साधक नं. २०६८-RC-००३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजे भन्ने राजेन्द्र आछामी सार्की*

यी प्रतिवादीले अनुसन्धानका क्रममा र अदालतमा समेत बयान गर्दा पत्नी तुलसी आछामीले गाली गरेको कारणले गर्दा रिस थाम्न नसकी बञ्चरो प्रहार गरेको कुरा उल्लेख गरे पनि निजले पत्नीसँग सधैं झगडा भइरहने तथ्य समेत उजागर गरेका छन् । तर यिनै प्रतिवादीको छोरी सरिता आछामीले मौकामा गरेको कागजमा बाबुले नै आमालाई गाली गरेको, बाबुले कुट्ने डरले दिशा गर्ने बहाना बनाई आमा बाहिर लागेकोमा बाबु पनि पछि पछि हातमा बञ्चरो लिई आई एक्कासी बञ्चरोले घाँटी, पेट समेतका शरीरका भागमा प्रहार गरेको भनी उल्लेख गरेको देखिन्छ । सो बाहेक पत्नीसँग पहिलेदेखि नै झगडा भैरहने तथ्यलाई पनि प्रतिवादीले स्वीकार नै गरेको अवस्था छ । यसरी मृतक र प्रतिवादीबीच पहिलेदेखिकै झगडाको अवस्था र बञ्चरो जस्तो जोखिमी हतियार लिई घाँटी जस्तो संवेदनशील अंगमा समेत प्रहार गरेको अवस्थाले मार्ने मनसायसहित प्रहार गरेको भन्ने नै देखिएबाट प्रतिवादीलाई अ.बं. १८८ नं. को सुविधा दिई सजाय घटाउन समेत नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल बैशाख ८ गते रोज ६ शुभम् ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६३-WO-३३९, उत्प्रेषण, *मधुसुदन बुढाथोकी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

तत्कालीन श्री ५ को सरकारले गर्ने भनी कुनै कानूनमा उल्लेख भएको कुनै कामकारवाही वा निर्णय गर्दा कार्यकारिणी अधिकारप्राप्त मन्त्रिपरिषद्बाटै गरिएको हुनुनपर्ने देखिन आउँछ । त्यसैले प्रहरी नियमावली, २०४९ को नियम ९३ को देहाय (७) को खण्ड (ख) मा प्रहरी नायब उपरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने निर्णय गर्ने निकाय वा पदाधिकारीमा नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) भनी स्पष्ट किटान गरेको अवस्थालाई हेर्दा त्यस्तो निर्णय नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) मन्त्रिपरिषद् बाहेक अन्य निकाय वा पदाधिकारीबाट हुन नसक्ने ।

नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) मा अन्तरनिहीत अधिकार अन्य निकाय वा पदाधिकारीले नेपाल सरकार(तत्कालीन श्री ५ को सरकार) को नामबाट प्रयोग गरी कुनै काम कारवाही वा निर्णय गर्दैमा त्यस्तो कामकारवाही वा निर्णयलाई कार्यकारिणी अधिकारप्राप्त मन्त्रिपरिषद्ले नै गरेको भनी अर्थ गर्नु कानून व्याख्याको सामान्य सिद्धान्त समेतबाट उचित र विवेकसम्मत् नहुने ।

भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गरी गृह सचिवस्तरबाट मिति २०६०।१।२५ मा भएको निर्णय स्पष्टतः अधिकारक्षेत्रविहीन भै त्रुटिपूर्ण देखिने ।

कानूनले नै स्पष्टसाथ शुरू कारवाही गर्ने र सोउपर पुनरावेदन सुन्ने पदाधिकारी वा निकायमा नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) भनी किटान गरिरहेको हुँदा मन्त्रिपरिषद्ले नै शुरू निर्णय गर्न र सोउपर पुनरावेदन सुन्न नमिल्ने भनी अर्थ गर्न र बिना आधार शुरू कारवाही गर्ने मन्त्रिपरिषद्को अधिकार अन्य पदाधिकारीमा स्वतः सर्ने भन्नु न्यायसंगत् हुन सक्दैन । त्यसैले अधिकारै नभएको गृह सचिवबाट भएको निर्णयउपर तत्कालीन श्री ५ को सरकारले पुनरावेदन सुनी अन्तिम निर्णय गरेको भन्ने आधारले मात्र अधिकारक्षेत्रविहीन रूपमा भएको सचिवस्तरको निर्णयले वैधता प्राप्त गर्न नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदक मधुसुदन बुडाथोकीका हकमा अधिकारप्राप्त अधिकारी वा निकायले कानूनबमोजिम जे जो बुझ्नु पर्ने हो बुझी प्रचलित कानूनको रीत पुऱ्याई प्रक्रियासम्मत् रूपमा ठहरेबमोजिम पुनः निर्णय गर्नु भनी नेपाल सरकारको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल चैत १९ गते रोज १ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** दे.पु.नं. २०६६-CI-०६५०, अंश चलन, *भजराम महर्जन समेत वि. नन्दश्याम महर्जन*

कि.नं. १४४ को जग्गामा दाता भजरामको एउटा छोरा अर्थात् प्रतिवादी सरीता महर्जनको पति सानुबाबु महर्जनको हक भने यथावत रूपमा कायम हुने तर वादी नन्दश्याम महर्जनको हक समाप्त हुने असमान एवं विरोधाभाषपूर्ण अवस्था देखिन आएको छ । साथै वादी नन्दश्यामको उक्त जग्गामा पैतृकताको कारणबाट हक रहेको कुरामा विवाद छैन । एकासगोलको परिवारको बुहारीलाई बाबुले जग्गा दिँदा हक भएका वादी नन्दश्यामलाई सो सम्पत्तिउपरको हकको प्रतिफल प्रदान गरेको वा आफ्नो हक परित्याग गरेको कुनै आधार प्रमाण पनि देखाउन सकेको पाइँदैन । लिखतमा साक्षी बस्नु भनेको आफ्नो हक परित्याग गर्नु होइन । हकै छाड्नको निमित्त अभिव्यक्ति शब्दमा नै हक परित्याग गरेको हुनुपर्दछ । अतः प्रतिवादी सरीता महर्जनले ससुरा भजरामबाट प्राप्त गरेको कि.नं. १४४ को जग्गामा सानुबाबु महर्जनको पनि हक रहने । साथै उक्त कि.नं. १४४ मा बनेको घर समेत प्रमाण ऐन, २०३१ को दफा ६(क) समेतले त्यस्तो घर पनि सगोलमै बनेको मान्नुपर्ने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** दे.पु.नं. २०६७-CI-०२१७, धर्मपुत्र लिखत बदर, *अर्जुनप्रसाद सिँह राजपुत वि. मु.स. गर्ने ज्ञानमाला सिँह र प्रेमाकुमारी सिँह*

धर्मपुत्र, धर्मपुत्री र धर्मपिता माताको नाता लिखत गरी दिएकै कारणबाट सबै स्थितिमा संरक्षित रहने नाता होइन। धर्मपुत्र, धर्मपुत्रीको महलको ११ नं.ले तोकेको परिधि र परिस्थितिमा धर्मपुत्र वा धर्मपुत्रीको लिखत बदर हुन सक्ने समेत भएकोले पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिँहले वादी योगमायादेवी सिँहलाई खान लाउन दिई हेरविचार र पालनपोषण समेत गरी उल्लिखित कानूनी व्यवस्थाअनुरूपको धर्मपुत्रको कर्तव्य निर्वाह गर्न नसकेको स्थितिमा प्रत्यर्थी वादीले धर्मपुत्रको लिखत बदर गर्न पाउने।

आफ्नो स्व. बाबु कैलु सिँहसँग छोराको नाता कायम गराई सिफारिश लिई निज कैलु सिँहको नाममा रहेको जग्गाको नामसारी गराउन निवेदन दिई कारवाही चलाएको अवस्थाबाटै पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिँहले वादी योगमाया देवी सिँहको धर्मपुत्रको कानूनी कर्तव्य एवं दायित्व निर्वाह नगरेको साथै आफ्नै बाबुपट्टिको सम्पत्तिमा हक सिर्जना गर्न गएको र धर्ममाताप्रतिको कर्तव्य निर्वाह नगरेको कुरा निजले धर्ममाताउपर दिएको अंश मुद्दा समेतबाट देखिएको हुँदा निज प्रतिवादी अर्जुनप्रसाद सिँह राजपुत योगमायादेवी धर्मपुत्र रहिरहन सक्ने स्थिति नदेखिँदा वादी दावीबमोजिम मिति २०५५।१२।२१ को धर्मपुत्रको लिखत बदर हुने।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- दे.पु.नं. २०६७-CI-०२१६, अंश दर्ता, *अर्जुनप्रसाद सिँह राजपुत वि. मु.स. गर्ने प्रेमाकुमारी सिँह र ज्ञानमाला सिँह*
- दे.पु.नं. २०६७-CI-०२१८, लगत कायम, *अर्जुनप्रसाद सिँह राजपुत वि. मु.स. गर्ने प्रेमाकुमारी सिँह*
- दे.पु.नं. २०६७-CI-०२१९, लिखत दर्ता बदर दर्ता कायम, *अर्जुनप्रसाद सिँह राजपुत वि. मु.स. गर्ने प्रेमाकुमारी सिँह समेत*
- दे.पु.नं. २०६७-CI-०२२०, लिखत दर्ता बदर दर्ता कायम, *अर्जुनप्रसाद सिँह राजपुत वि. मु.स. प्रेमाकुमारी सिँह समेत*
- दे.पु.नं. २०६७-CI-०२२१, लिखत दर्ता बदर दर्ता कायम, *अर्जुनप्रसाद सिँह राजपुत वि. मु.स. प्रेमाकुमारी सिँह समेत*

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०३४४, लागू औषध, *नेपाल सरकार वि. सुरेन्द्र श्रेष्ठ*

प्रतिवादी राजनराज श्रेष्ठले बरामद पार्सल अभियुक्त सुरेन्द्र श्रेष्ठले जापान पठाउन दिएको भनी बयान गरेको देखिए पनि सामान निर्यात गर्दा भरिने प्रज्ञापनपत्रमा पठाउने नरसिँह सुनार C/O राजनराज श्रेष्ठ लेखिएको देखिन्छ भने पाउने व्यक्तिमा जापानीज नागरिकको नाम उल्लेख भएको पाइन्छ। पार्शल तथा प्रज्ञापनपत्रमा लेखिएको तथ्यहरूले उक्त पार्शल यी सुरेन्द्र श्रेष्ठसँग सम्बन्धित रहेको भन्ने देखिँदैन। प्रतिवादी सुरेन्द्र श्रेष्ठ मौकामा पक्राउ नपरी फरार रहेकोमा अदालतसमक्ष उपस्थित भई बयान गर्दा कसूरमा पूर्णतया इन्कार रहेको पाइन्छ। यसरी सह-अभियुक्त राजनराज श्रेष्ठको पोलको आधारमा यी प्रतिवादी विरूद्ध लागू औषधको कारोवार गरेको अभियोग लगाइएकोमा सहअभियुक्तको पोल कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिनुका साथै निज प्रतिवादी राजनराज श्रेष्ठ हुलाकको जानकार कर्मचारी भएको हुँदा निजले अर्को व्यक्तिले पार्शल गरी पठाई दिने भनेको विश्वासमा परी नचिनेको व्यक्तिको नाम उल्लेख भएको पार्शललाई आफैंले जिम्मा लिई अज्ञानतावस प्रज्ञापनपत्र भर्ने समेतका कार्य गरे होलान् भन्न सकिने अवस्था समेत नदेखिँदा प्रतिवादी सुरेन्द्र श्रेष्ठले सफाइ पाउने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३-CI-००९९, अंश, *कालीबहादुर बुढा वि. मागी बुढा*

प्रत्येक मुद्दाको प्रकृति, तथ्य, परिस्थिति र प्रमाणहरू फरक-फरक हुने भएकोले कुनै खास प्रमाण र आधारलाई मात्र निर्णयक प्रमाण मान्न सकिँदैन, व्यवहार प्रमाणहरूको समग्र विश्लेषणबाट मात्र निष्कर्षमा पुग्न सकिने अवस्था हुन्छ, तथापि अचल सम्पत्तिको अलग-अलग दर्ता तथा सो अनुसार पक्षहरूको भोगको अवस्था, उनीहरूको बसोबास, अंशियारहरूले सम्पत्तिको पूर्ण स्वामित्वको हैसियतले गरेको बिक्री व्यवहारका प्रमाणहरू, अचल सम्पत्ति भागशान्ति पाई नापीमा आ-आफ्नो नाममा जग्गा नापी तथा दर्ता गराई तिरोभरो गरेका प्रमाणहरूलगायतका प्रमाणहरूलाई हेर्नुपर्ने ।

मिसिल संलग्न प्रमाण लिखतहरूबाट दावी प्रतिवादीहरूले पुर्खौली सम्पत्ति नापीको समयमा आ-आफ्नो नाममा नापी गराई दर्ता गरेको कुरा वादी कालीबहादुर बुढा तथा प्रतिवादी मागी बुढाबाट पेश दाखिला हुन आएको अलग-अलग तायदाती फाँटवारीबाट देखिन आउँछ । प्रतिवादी मागी बुढाको पनि सगुने बुढाको भाई जयबहादुर र धनज बुढाको छोरा धनबहादुर बुढाले अदालतसमक्ष हामीहरू छुट्टी भिन्न भई अलग-अलग बसी आएकोले अंश पाउनु पर्ने होइन भनी बयान गरेको देखिन्छ । यसरी अंशमा दावी पुग्नसक्ने व्यक्तिहरूले अंश पाउन बाँकी भएको भए अंशबण्डा भइसकेको भन्नु पर्ने कारण नहुँदा निजहरूको भनाइलाई प्रमाणका लिनुपर्ने ।

वादी प्रतिवादीहरू अलग-अलग बसोबास गरी आएको तथा अचल सम्पत्ति भोग बिक्री व्यवहार गरेको र नापी हुँदा आ-आफ्नो हकको जग्गा आफ्नो नाममा नापी गराई दर्ता गराएको समेत देखिन आयो । यसबाट मुलुकी ऐन अंशबण्डाको महलको ३० नम्बरको कानूनी व्यवस्थाअनुसार वादी प्रतिवादीबीच व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको भन्ने तथ्यमा शंका गर्नुपर्ने नदेखिँदा वादी प्रतिवादीबीच अघि नै व्यवहार प्रमाणबाट मुलुकी ऐन, अंशबण्डाको महलको ३० नं. बमोजिम अंशबण्डा भइसकेको मान्नु पर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६८ साल चैत १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CI-०१४६, ०१००, ०१०१, दर्ता बदर हक कायम, *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वि.मु.स. गर्ने मागी बुढा, कालीबहादुर बुढा वि.मु.स. गर्ने मागी बुढा, शेरबहादुर भण्डारी वि. मु.स. गर्ने मागी बुढा*

छूट जग्गा दर्ताको सिलसिलामा मिति २०५५।१।१४ मा भएको स्थानीय गाउँ सर्जमीन मुचुल्कामा उक्त जग्गाका सँधियारहरूले दावीको जग्गा सगुने बुढा क्षेत्रीको भोग चलनमा छ, सर्भे नापी हुँदा खोलो लागेको हुँदा दर्ता भएन, हाल खोलाले छोडेको छ भन्ने समेत व्यहोरा लेखाएको पाइन्छ । सोही कारवाहीको सन्दर्भमा मालपोत कार्यालय, सुर्खेतबाट २०५५।५।५ मा सगुने बुढाको नाउँ समेतमा रहेका जग्गाहरूको तहाँबाट कुनै कारवाही भएको छ, छैन ? भनी सुकुम्बासी समस्या समाधान आयोगले पठाएको जवाफी पत्र समेत मिसिल सांमेल रहेको पाइन्छ । तर वादीका पति छुट जग्गा दर्ताको लागि निरन्तर कारवाहीमा रहेकै अवस्थामा निजलाई थाहा जानकारी तथा प्रतिवादको मौका नदिई विवादित जग्गा मिति २०४४।१२।२१ मा मालपोत कार्यालयबाट सरकारको नाममा दर्ता गर्ने निर्णय भएको र मिति २०५५।८।२८ को सुकुम्बासी समस्या समाधान आयोगको निर्णयबाट वादीको साविक कि.नं. ३७३ बाट कायम भई आएको कि.नं. १९४ को जग्गा कित्ताकाट भई कायम भएको कि.नं. ९१२ को जग्गा नारायण शर्माको नाममा र कि.नं. ९१३ को जग्गा जसुता भण्डारीको नाममा दर्ता गरिएको कानून तथा न्यायसम्मत् नदेखिँने ।

केवल खोला पसी कटान गरेकोले नापीमा खोला तथा बगर जनिएको भए तापनि हाल उक्त जग्गा उकाश भै आएको परिस्थितिमा वादीका राजीनामा समेतका प्रमाणहरूको मूल्याङ्कन नगरी वादीलाई प्रतिवादको मौका नदिई वादीका पति सगुने बुढाले गोकर्णराज उपाध्यायबाट खरीद गरेको साविक कि.नं. ३७३ कै जग्गामध्येको नापी हुँदा फिल्डबुकमा बगर जनिएकै आधारले दावीको जग्गालाई मिति २०४४।१२।२१ मा सरकारको नाममा दर्ता गर्ने गरेको निर्णय कानून एवं न्यायसम्मत् भन्न मिल्ने नदेखिँदा वादी दावीको साविक कि.नं. १९४ जग्गा ०-११-१६ भई

हाल कायम कि.नं. ९१२ र ९१३ को जग्गा वादी दावीबमोजिम नेपाल सरकारको नाममा भएको दर्ता बदर भई वादीको हक कायम भई प्रतिवादीहरू कालीबहादुर बुढा र शेरबहादुर भण्डारीको लिखित खिचोला मेटाई चलन चलाई पाउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल चैत १९ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६४-CI-०१०२, दर्ता बदर, *नारायण शर्मा वि. मु.स. गर्ने मागी बुढा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको CI-०४१९, लिखत दर्ता बदर दर्ता कायम, *कृष्णकुमार राजवंशी वि. लीलावती राजवंशी समेत*

कानूनले आफ्नो अंश हकको सम्पत्ति आफूखुश गर्न पाउने व्यवस्था रहेकोमा पनि यी प्रतिवादी लीलावतीले आफ्नो अंश हकको पूरै सम्पत्ति बकपत्र पारीत गरिदिएको नभई कि.नं. ६१ को ज.वि. ०-१५-१३ मध्ये ज.वि. ०-९-० जग्गामात्र आफूलाई पालनपोषण र सेवा, स्याहार गर्ने आफ्नै नातिलाई हालैको बकसपत्र गरिदिएको हो । यस्तो अवस्थामा उक्त बकसपत्रको लिखत कुनै पनि कानूनी व्यवस्थाको विपरीत वा यी वादीको हकमा असर पर्ने गरी भए गरेको नदेखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल माघ २२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको CI-०४२०, लिखत दर्ता बदर दर्ता कायम, *कृष्णकुमार राजवंशी वि. उत्तमकुमार राजवंशी*

आफ्नो स्वेच्छाले आफ्नो अंश हकको सम्पत्ति आफूखुश गर्न पाउने नै हुन्छ । यस्तोमा बाबुको शेषपछि छोराको हक सिर्जना हुने भन्ने आधारमा बाबुले जीवनकालमा गरको व्यवहार बदर हुन सक्ने अवस्था देखिँदैन । कानूनले कसैको मञ्जूरी लिनु नपर्ने आफ्नो हकको सम्पत्ति स्वेच्छाबाट आफ्नै छोरालाई आफ्नो हेरचाह गरेको आधारमा शेषपछिको बकसपत्र पारीत गरी दिएको बकपसपत्रको लिखतलाई कानूनविपरीत भन्न नमिल्ने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल माघ २२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको WO-०००५, उत्प्रेषण, *सर्किचा भन्ने वंशनारायण श्रेष्ठ वि. नापी शाखा, चावहिल समेत*

निवेदक वंशनारायण श्रेष्ठलाई फैसला कार्यान्वयन गर्ने सिलसिलामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।९।५ मा छुट्याएको विवादित घर जग्गा अदालतको फैसलाले ठहरेबमोजिम देखिन आयो । अदालतले तह तह कानूनबमोजिम गरेको फैसला कार्यान्वयन कानूनबमोजिम गरिएकोमा फैसला भन्दा घटी क्षेत्रफल कार्यान्वयन गरेको देखिन नआएकोले कानूनबमोजिम अदालतबाट भए गरेको कामकारवाहीबाट यी निवेदकको संविधानप्रदत्त हकमा असर पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CR-०४८३, ०४८४, ५०४, डाँका, *विक्रम भन्ने ज्ञानबहादुर सुब्बा वि. नेपाल सरकार, वाई बी. क्षेत्री भन्ने रामराज अधिकारी समेत वि. नेपाल सरकार, दीपक भन्ने रितेश निरौला क्षत्री वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरू वाई बी. भन्ने रामराज अधिकारी र राजीव अधिकारीले आरोपित कसूर गरकोमा इन्कार रही अदालतमा बयान गरेको भए पनि निजहरूलाई पोल गरी प्रतिवादी दीपक भन्ने रितेश निरौला र बिक्रम भन्ने ज्ञानबहादुर सुब्बाले बयान गरेको अवस्था छ ।

अर्कोतर्फ जाहेरवालाले यी पुनरावेदक प्रतिवादी समेतका ८।१० जना व्यक्तिहरूले आफू समेतलाई कुटपीट गरी आफ्नो नगद तथा सुनलगायतका धनमाल डाँका गरी लगेका हुन् भनी यी पुनरावेदक प्रतिवादीहरूलाई चिनाई सनाखत गर्नुका साथै अदालतमा बकपत्र समेत गरिदिएको देखिन्छ। मौकामा कागज गर्ने मानिसहरू सन्तबहादुर बस्नेत, रामबहादुर बुढाथोकी समेत मौकाको आफ्नो भनाईलाई समर्थन गर्दै यिनै प्रतिवादीहरूले जाहेरवालाको घरमा डाँका गरेका हुन् भनी अदालतमा बकपत्र गरिदिएको पाइन्छ। यसरी मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरूले जाहेरवालाको घरमा डाँका गरी बिगोबमोजिमको धनमाल लगेको निर्विवाद रूपमा पुष्टि हुन आएको र यसअघि विभिन्न डाँका मुद्दाहरूमा निजहरूलाई सजाय भएको हुँदा अभियोग दावीबमोजिम पटक कायम गरी सजाय हुने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६६-CR-०४७८, ०५०५, डाँका, *विक्रम भन्ने ज्ञानबहादुर सुब्बा वि. नेपाल सरकार, दीपक भन्ने रितेश निरौला क्षेत्री वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको RC-००२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डिलमाया थापा*

किटानी जाहेरी, जाहेरवालाको बकपत्र, बुझिएका अन्य व्यक्तिहरूको भनाई तथा स्वयं प्रतिवादीकै भनाई समेतका तमाम प्रमाणहरूको अध्ययन एवं विश्लेषण गर्दा मृतक दुर्गीमाया थापाको यी प्रतिवादी डिलमाया थापाले प्रहार गरेको बञ्चरो तथा दाउराको प्रहारबाट मृत्यु भएको भन्ने कुरामा शंका गर्नुपर्ने अवस्था देखिन आएन। मिसिल संलग्न उल्लिखित आधार एवं प्रमाणका आधारमा यी प्रतिवादी डिलमाया थापालाई आफ्नै आमाको कर्तव्य गरी मारेको अभियोगमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(१) नं. बमोजिमको कसूरमा सोही ऐनको १३(१) नं. बमोजिम सजाय हुने।

आफ्नै आमालाई मनसायपूर्वक मार्नुपर्ने कारणको अभाव र निजको शारीरिक र मानसिक अवस्थाका कारणबाट अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद गर्ने ठहर्छ। अब निजको उमेरका कारणबाट बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) को सुविधा निजले पाउने नै हुँदा सो वर्ष १० कैद सजायको आधा अर्थात् ५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको WO-००४१, उत्प्रेषण परमादेश समेत, *माइला लाखाजु वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ बमोजिम मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड गर्दा नरम गरम मिलाई बाँडफाँड गर्नुपर्ने हुन्छ। सो गर्दा जग्गाको क्षेत्रफल मुखतर्फ भौतिक संरचना भए सो समेतको आधारमा नरम गरम मिलाई बाँडफाँड गर्नुपर्ने हुन्छ। तर, यी निवेदकले तीमध्येका कुन आधार र कारणबाट नरम गरम नमिलेको हो सो केही रिट निवेदनमा उल्लेख गरेको नपाइँदा ऐनबमोजिम भएन भन्ने मात्र कारणबाट सो बाँडफाँड गर्ने कार्य र निर्णय त्रुटिपूर्ण छ भन्न नमिल्ने।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको WO-०५४३, उत्प्रेषण, *महेश्वर ठाकुर वि. प्रदीपकुमार मिश्र समेत*

धनुषा जिल्ला अदालतबाट फैसला कार्यान्वयनको सम्बन्धमा परेको दरखास्तबमोजिम मिति २०६८।३।१ मा लिलाम कार्य समेत सम्पन्न भइसकेको कुरा उक्त बिगो भरिभराउको दरखास्तसहितको मिसिलबाट देखिन्छ। यसरी मोल निर्धारण गरेको कार्य र त्यसलाई सदर गरेको जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट भएको आदेश

कानूनबमोजिम भए गरेको देखियो । कानूनबमोजिम भए गरेको अदालतको आदेशबाट निवेदकको संविधानप्रदत्त कुनै हकमा असर परेको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रि.नं. WO-०००३, उत्प्रेषणयुक्त परमादेश, *रामु महतो वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रत्येक नागरिकलाई आफ्नो देशभित्रको जुनसुकै क्षेत्र र स्थानमा संस्था, उद्योग कम्पनी वा निकायमा रोजगारी पाउने अधिकार संविधानले सुनिश्चित् गरिएको हुन्छ र स्थान, क्षेत्र जात जाति, वर्ण, लिङ्ग, राजनीतिक आस्थाको संलग्नता इत्यादि कुनै आधारमा कसैलाई बन्देज लगाउन नमिल्ने र त्यस्तो बन्देज कानूनविपरीत हुन्छ । आफ्नो देशभित्र रोजगारी दिने र पाउने विषय कुनै हालतमा र अवस्थामा राजनीतिसँग सम्बन्धित विषय मान्न नमिल्ने ।

कानूनविपरीत भएको सहमति वा सम्झौता नमानी रोजगारी दिएको अवस्थामा त्यसरी रोजगार पाएको व्यक्तिलाई काममा जान नपाउने गरी रोक लगाउँदा भएको झडप, मारपीट वा यस्तै कुनै घटनामा कसैको ज्यान गएमा सो घटना राजनीतिक विषय नभई पूर्णतया आपराधिक कार्य हुने ।

कानूनको मनसाय मुद्दा फिर्ता लिन पाउने अधिकारअन्तर्गत जुनसुकै कारण र अवस्थामा भएको घटनासम्बन्धी मुद्दा फिर्ता लिन हुन्छ भन्ने होइन र सरकारको उद्देश्य आपराधिक कार्य एवं सिर्जित हुने दण्डहीनतालाई प्रोत्साहन दिनु पनि होइन । गम्भीर प्रकृतिका मुद्दाहरूमा समेत विषयवस्तुको गम्भीरता नहेरी उक्त कानूनी व्यवस्थाको पालनबाट हुने दूरगामी प्रभाव, त्यसबाट समाजमा पर्ने नकारात्मक असर आपराधिक मनोवृत्तिमा हुन सक्ने वृद्धिको दुष्परिणाम समेत केही विचार नगरी सरकारले मुद्दा फिर्ता लिँदै जाने हो भने शान्ति सुव्यवस्था खतरामा पर्ने तथा नागरिकको जीउधनको संरक्षण हुन नसक्ने सम्भावना हुने हुँदा सोतर्फ सरकार सदैव सचेत रहन जरूरी हुन्छ । राजनीतिक व्यवस्था वा सरकार परिवर्तन भएको अवस्थामा वा कुनै राजनीतिक दल वा संघसँग प्रतिवादी आवद्ध भएको आडमा मानिसको बाँच्न पाउने हक (Right to Live) लाई कुण्ठित गर्न नमिल्ने ।

जघन्य एवं पाशविक प्रकृतिका अपराध, मानवता विरूद्धका अपराध, लागू औषध, मानव बेचबिखन, बालबालिकाका विरूद्धको अपराध, हातहतियार खरखजानासम्बन्धी अपराध, व्यक्तिको बाँच्न पाउने अधिकारलाई कुण्ठित गरेको सम्बन्धी अपराध, पेशेवर अपराधीद्वारा गरिएको तथा संगठित रूपमा गरिएको अपराध साधारणतया फिर्ता लिन नहुने प्रकृतिका मुद्दाहरू अन्तर्गत पर्दछन् । त्यस्ता प्रकृतिका मुद्दा वस्तुनिष्ठ एवं मनासिब आधार र कारण बिना राजनीतिक दलसँग आवद्ध रहेको मात्र कारणबाट फिर्ता लिने कार्य स्वीकार्य हुन नसक्ने ।

राजनीतिक पूर्वाग्रह, राजनीतिक आस्था वा राजनैतिक प्रतिशोधको कारणले बद्नियतपूर्ण तरिकाबाट राजनीतिक दलमा संलग्न व्यक्तिउपर मुद्दा चलाइएकोमा त्यस्ता मुद्दाको गाम्भीर्यता, प्रतिवादीको आचरण, निजको उमेर, सामाजिक प्रतिष्ठा, राजनीतिक संलग्नता, निजले पहिले कुनै कसूर गरेको वा नगरेको आदि यावत कुरातर्फ विचार गरी अपवादस्वरूप विरूद्ध चलाइएको मुद्दा मात्र फिर्ता लिने सम्बन्धमा कारवाही गर्नुपर्ने स्थितिलाई इन्कार गर्न नसकिने ।

सरकारको फेरबदल सँगै फौजदारी कसूरका सम्बन्धमा अदालतमा दायर भएका मुद्दाहरू कुनै निश्चित् आधार र मापदण्ड बिना नै कुनै राजनीतिक दल विशेषसँग आवद्ध भएकै नाताले मात्र मुद्दा फिर्ता लिने परिपाटीले शान्ति सुव्यवस्था कायम गर्ने, दण्डहीनता अन्त्य गर्ने तथा नागरिकको जीउधन एवं वैयक्तिक स्वतन्ताको संरक्षण गरी कानूनको शासन स्थापना गर्ने राज्यको उद्द्श्यमा कुठाराघात पुग्ने ।

रामु महतोको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी अर्जुन पौडेल समेत भई नवलपरासी जिल्ला अदालतमा दायर भएको स.फौ.नं. ६६-०६६-००७८६/१ को कर्तव्य ज्यान मुद्दा राजनीतिक कारणबाट नभई पूर्णतया आपराधिक कार्यको परिणामस्वरूप वास्तविक तथ्यको आधारमा दायर भएकोले कुनै आधार र मापदण्ड

बेगर सो मुद्दा फिर्ता लिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६७।२।२६ मा भएको निर्णय न्यायको दृष्टिले मुनासिब एवं कानूनअनुकूल समेत नदेखिएको तथा सो निर्णयबाट निवेदक र पीडित परिवारको न्याय प्राप्त गर्ने हक प्रत्यक्षरूपमा आघातित भएकोले सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रि.नं. WO-०५७४, उत्प्रेषणयुक्त परमादेश, *दिलबहादुर धामी समेत वि. घरेलु तथा साना उद्योग कार्यालय, कञ्चनपुर*

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसायको न्यूनतम् तथा अधिकतम् दर निर्धारण गर्नसक्ने भन्नेसम्म व्यवस्था हो । तर, उद्योग व्यवसाय सञ्चालन गर्न घरेलु उद्योग दर्ता गर्न पाउने भन्ने कानूनी व्यवस्था होइन । करको दर प्रयोजनको लागि भएको दर्तालाई घरेलु उद्योग सञ्चालन गर्ने प्रयाजनको लागि औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार भएको दर्ता भनी मान्यता दिन नमिल्ने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल पुस २५ गते् रोज २ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रि.नं. WO-०७२७, उत्प्रेषण परमादेश, *विष्णु सिँह खत्री वि. वन तथा भू-संरक्षण कार्यालय समेत*

कुनै कानूनद्वारा प्रदत्त अधिकारको प्रयोगमा कसैले आघात पुऱ्याएमा वा त्यसको उपयोगको समान अवसरबाट बञ्चित गरेको अवस्थामा मात्र निवेदकले नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्यभूत गरेको संवैधानिक उपचारको बाटोबाट यस अदालतको असाधारण अधिकारक्षेत्रको सहारा लिई उपचारका लागि आउन सकिने अवस्था हो । कानूनद्वारा प्राप्त नै नगरिएको विषयवस्तुलाई हकाधिकारको सिर्जना भएको भन्ने बिना आधार प्रमाणको दावीबाट निवेदकको मौलिक हकको हनन् भएको भन्ने ठानी उपचार प्रदान गर्न कानूनतः नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल पुस २५ गते् रोज २ शुभम् ।

११

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-WO-०४७१, उत्प्रेषण परमादेश समेत, *सुनीता अर्याल समेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय समेत*

प्रचलनमा रहेका कुनै खास कानूनी व्यवस्थाको आधारमा निजामती सेवाको पदका लागि दक्ष जनशक्ति उत्पादन गरी रोजगारी दिने उद्देश्यले सोही कानूनी व्यवस्थाबमोजिम शैक्षिक योग्यता निर्धारण गरी प्रशिक्षणमा भाग लिन दरखास्त आव्हान गरेकोमा छनौट भई प्रशिक्षण लिई रहेको र सो प्रशिक्षण पूरा नहुँदै निजामती पदको लागि तोकिएको सो योग्यता नै परिवर्तन गरिदिँदा र सो परिवर्तन सेवारत कर्मचारीको हकमा लागू नहुने गरी कानूनी व्यवस्था गरिएबाट प्रशिक्षार्थी निवेदिकाहरूको हकमा विभेदकारी तवरबाट लागू गरेको मानिने हुन्छ तथा सो कार्य कानूनको अगाडि समानताको प्रतिकूल हुने एवं संविधानप्रदत्त रोजगारीको हकमा अनुचित बन्देज लगाएको मान्नु पर्ने भई यस्तो कार्य संविधानको भावना प्रतिकूल हुन जाने ।

सरकारद्वारा सञ्चालित प्रशिक्षण केन्द्रबाट नेपाल इञ्जिनियरिङ्ग सेवा (गठन, श्रेणी समूह विभाजन, नियुक्ति) नियमहरूमा भएको राजपत्र अनंकित प्रथम श्रेणीको लागि दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले सो नियममा तोकिएको शैक्षिक योग्यता निर्धारण गरी सोहीबमोजिम गणित विषय लिई प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेका व्यक्तिहरूमध्येबाट दरखास्त आव्हान गरिएको र छनौट भएकाहरू तलिममा सहभागी भइसकेपश्चात् सो योग्यता परिवर्तन गरिएबाट तालीम लिइरहेका यी निवेदिकाहरू सो रा.प. अनंकित प्रथम श्रेणीको प्रतिष्पर्धामा भाग लिन अयोग्य हुने अवस्था भएको देखिएकोले निवेदिकाहरूले हाल सफलतापूर्वपक

उक्त प्रशिक्षण पूरा गरी सकेको देखिँदा निवेदकाहरूको हकमा सो संशोधित व्यवस्था लागू नहुने गरी तत्काल प्रचलित नियमको व्यवस्थाअनुरूप लोकसेवा आयोगबाट प्रकाशित विज्ञापनको प्रतिष्पर्धामा सामेल हुन पाउने गरी आवरश्यक व्यवस्था गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन २३ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-WO-०७४५, उत्प्रेषणयुक्त परमादेश, *छेदी साफी वि. विनोदकुमार समेत*

निवेदक सगरमाथा अञ्चल अस्पताल विकास समिति(गठन) आदेश, २०४५ को धारा ३.३ अनुसार २ वर्षका लागि सो अस्पताल विकास समितिको अध्यक्ष पदमा नियुक्त भएकोमा सो दुई वर्ष अवधि व्यतीत नहुँदै निजलाई सो पदबाट हटाउने गरी भएको निर्णय उल्लिखित कानूनी व्यवस्था एवं सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतको विपरीत भई कानूनको शासनको सिद्धान्त समेतको प्रतिकूल देखिँदा छेदी साफीको नियुक्ति कायम रहँदारहँदै सो नियुक्ति सक्षम निकाय वा अदालतबाट बदर नभएसम्म निजको स्थानमा यी प्रत्यर्थी विनोदकुमारलाई सगरमाथा अञ्चल अस्पताल विकास समितिको अध्यक्ष पदमा नियुक्त गरेको प्रत्यर्थी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय, सगरमाथा अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५ को दफा ३.३, ऐ.को दफा ३.४ तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतको प्रतिकूल हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निज निवेदक छेदी साफीलाई उक्त अस्पताल विकास समितिको अध्यक्ष पदमा कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल बैशाख २० गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-WO-०६४०, उत्प्रेषणयुक्त परमादेश, *प्रा.डा. जितेन्द्रध्वज खाँण वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर समेत*

प्रा.डा. रामकुमार दाहाललाई त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र, केन्द्रीय विभागको विभागीय प्रमुख पदमा नियुक्ति गर्दा कानूनको उचित पद्धति र प्रक्रियाबमोजिम नै गरिएको देखिएको तथा सो पदमा आफू मात्र नियुक्त हुन पाउने अधिकार कुनै ऐन कानून र संविधानद्वारा निवेदकलाई प्रत्यभूत नगरिएको अवस्थामा कानूनबमोजिम गरिएको कार्य र निर्णय यी निवेदकको संविधानप्रदत्त मौलिक हकमा आघात पुगेको मान्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल चैत १३ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३-CR-००७७, भ्रष्टाचार, *नरेन्द्रबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा उपस्थित भई बयान गर्दा आफैंले जाँच दिई पास गरेको प्रमाणपत्र हो, नक्कली प्रमाणपत्र होइन भनी प्रमाणपत्रको फोटोकपी समेत पेश गरेको देखिएको छ । उक्त प्रमाणपत्रको फोटोकपी हेर्दा समेत द्वितीय श्रेणीमा परीक्षा पास गरेको भनी लेखिएको देखिए तापनि विवादित प्रमाणपत्र जाली भनी आधिकारिक निकायमार्फत् प्राप्त जवाफलाई अन्यथा भन्न नमिल्ने ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा ओहदामा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरीवाना वा दुबै सजाय हुनेछ" भन्ने व्यवस्था भएको पाइन्छ । त्यस्तै हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात,

थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झूट्टा विवरण दिएमा वा सो सम्बन्धी झूट्टा प्रमाणपत्र पेश गरेमा निजलाई कसूरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रूपैयादेखि बीस हजार रूपैयासम्म जरीवाना हुनेछ" भन्ने कानूनी प्रावधान रहेको छ। उपरोक्त कानूनी व्यवस्थाअनुसार प्रस्तुत मुद्दाका प्रतिवादीले पनि आफू सेवामा बहाल हुन शैक्षिक योग्यता ढाँटी जाली प्रमाणपत्र पेश गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर अपराध गरेको सिद्ध हुन आउँदा प्रतिवादी नरेन्द्रबहादुर श्रेष्ठले आरोपपत्र माग दावीबमोजिम कसूर गरेको देखिँदा रू. २५००।- (दुई हजार पाँच सय) जरीवाना हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल चैत ७ गते रोज ३ शुभम्।

१५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-RC-००९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोतिराम थापा मगर समेत*

प्रमाण ऐन, २०३१ को दफा १०(१) मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छः

(क) सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति वा (ख) सो काम, घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति" भन्ने र सोही ऐनको दफा १८ मा "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकीकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्थाअनुसार प्रस्तुत मुद्दाको घटनाको बारेमा प्रत्यक्ष रूपमा देख्ने व्यक्तिहरूले प्रतिवादीउपर पोल गरी लेखाई सो कुरा साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्र समेत गरेको हुँदा उक्त भनाईलाई ऐनको उक्त व्यवस्थाअनुसार प्रमाणयोग्य मान्नु पर्ने।

लास जाँच मुचुल्कामा दूधदेखि तल छुरीले हानेको चोट देखिएको भन्ने र लास जाँच रिपोर्टमा समेत धारिलो हतियारको प्रहारबाट मुटु र फोक्सोमा लागेको चोटको कारण आन्तरिक रक्तस्राव भई मृतकको मृत्यु भएको भन्ने उल्लेख भएबाट जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिको भनाई थप समर्थित भएको छ। सह प्रतिवादी प्रेमबहादुर थेवे, भरतबहादुर थेवे समेतले मौकामा अधिकारप्राप्त अधिकारी र अदालतमा उपस्थित भई बयान गर्दा समेत यी प्रतिवादीद्वयले नै छुरी हानी मृतकलाई मारेको हो भनी पोल गरी लेखाएको छ। अर्कोतर्फ निजहरू निर्दोष भए अनुसन्धान अधिकृत र अदालतसमक्ष उपस्थित भई आफ्नो निर्दोषिताको सबूद प्रमाण पेश दाखिल गर्न सक्नु पर्नेमा भागी बेपत्ता भई बसेको देखिए समेतबाट निजहरूलाई निर्दोष मान्न नसकिने हुँदा प्रतिवादीहरू मोतिराम थापा मगर र नरेन्द्र थापा मगरले मृतक अनील राईलाई छुरी प्रहार गरी चोट पुऱ्याई सोही चोटबाट मृतकको मृत्यु भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम कसूर अपराध गरेको सिद्ध हुन आएकोले निज प्रतिवादी द्वय मोतिराम थापा मगर र नरेन्द्र थापा मगरलाई सोही ऐनको ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वश्वहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम्।

१६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-RC-००५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. युवराज गुरुङ समेत*

दुबै खुट्टाले भूईंमा छुन वा टेक्न सक्ने अवस्थामा सामान्यतः व्यक्तिको मृत्यु हुन नसक्ने भएकोले मृतकको खुट्टाको पञ्जाले भूईंमा छोएको अवस्थामा मृतक आफैं झुण्डी सोही कारण निजको मृत्यु भएको होला भनी तर्कसंगत रूपमा अनुमान गर्नसक्ने अवस्था देखिँदैन। त्यस्तै लास जाँच प्रतिवेदनमा मुटुको धड्कन र श्वासप्रश्वास बन्द भई मृतकको मृत्यु भएको हुन सक्छ भनी मृत्युको कारण उल्लेख गरेको पाइए तापनि निजको मृत्यु आफैं झुण्डिएको कारण भएको हो वा कुटपीट गरी बेहोस बनाई झुण्ड्याएको कारण भएको हो भन्ने कुरा

सो लास जाँच रिपोर्टका आधारमा मात्र यकीनसाथ भन्न सक्ने अवस्था नदेखिने ।

मौकामा कागज गर्ने व्यक्तिहरू र जाहेरवाला समेतले यी प्रतिवादीउपर किटानी पोल गरी सोही व्यहोरालाई समर्थन गर्दै बकपत्र गरेको, प्रतिवादीहरू र मृतक मात्र घरमा रहे बसेको अवस्थामा मृतकलाई तेस्रो कुनै व्यक्तिले कर्तव्य गरी मारेको भन्ने कुरा शंकासम्म गर्न नसकेको, मृतक र प्रतिवादीबीच पहिलेदेखि नै झगडा गर्ने गरेको र घटना भएको आधा घण्टा अघि पनि झगडा भएको सुनेको भन्ने जाहेरवालाको बकपत्रबाट देखिएको र घटनास्थल लास जाँच मुचुल्कामा उल्लिखित विवरण समेतका आधारमा माथि विवेचित आधार, कारण र प्रमाणहरू समेतबाट यी प्रतिवादीहरूलाई निर्दोष रहेछन् भनी मान्न नसकिने हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अन्तर्गतको कसूर अपराध गरेको हुँदा निजलाई सोही ऐनको सोही नं. बमोजिम जन्मकैद हुने ।

पुष्पा गुरुङको हकमा विचार गर्दा निजले यो यस व्यहोरासँग मृतकलाई चोट प्रहार गरी सो चोटबाट मृतकको मृत्यु भएको भन्ने मिसिलबाट नदेखिएको, प्रतिवादी युवराज गुरुङ यिनका पति भएको र मृतक प्रतिवादी युवराजका बाबु यिनका ससुरा भई आफ्ना पतिले आफ्नै बाबुलाई मार्ने मनसायले कार्य नगरेसम्म पतिको इच्छाविपरीत यी महिला एक्लैले आफ्ना ससुरालाई मार्नेसम्मको कार्य गरिन् होला भनी तर्कसंगत् रूपमा अनुमान गर्न नसकिने हुँदा र आफ्ना पतिको बचनसम्म मानी ज्यान मार्ने कार्यमा संलग्न रहेको भन्ने मात्र कारणले काखमा सानु बच्चा भएकी सो महिलालाई कसूर ठहर भएअनुसार जन्मकैदको सजाय गर्न चर्को पर्ने अवस्था र स्थिति देखी अ.बं. १८८ नं. बमोजिम ७(सात) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम् ।

१७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-RC-००३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. झलकबहादुर गुरुङ*

प्रतिवादीले आफूलाई ठहर भएको कसूर सम्बन्धमा पुनरावेदन गर्न पाउने अधिकार कानूनले नै निर्दिष्ट गरेकोमा त्यस्तो अधिकार प्रयोग नगरी कसूर अपराध स्वीकार गरी अदालतबाट ठहरेको सजाय समेत स्वीकार गरी बसेको अवस्थामा यी प्रतिवादी निर्दोष रहेछन् भन्न सकिएन । प्रतिवादी स्वयंले अपराध गरेमा साविती बयान, मृतकको शव परीक्षण प्रतिवेदन, जाहेरवाला तथा मौकामा बुझिएका व्यक्तिहरूले अदालतमा गरेको बकपत्र एवं बरामदी मुचुल्का समेतका मिसिल संलग्न तमाम प्रमाणको आधारमा यी प्रतिवादी निर्दोष रहेको पुष्टि हुने आधार प्रमाण रहेको नदेखिँदा प्रतिवादी झलकबहादुर गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

१८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०००३, भ्रष्टाचार, *नेता के.सी. वि. नेपाल सरकार*

प्रतिवादीले शिक्षा सम्बन्धी नक्कली प्रमाणपत्र पेश गरेको मात्र कारणबाट अपराध हुन जाने र सोबाट कुनै लाभ लिए नलिएको कुरा गौण हुन्छ । आफूले त्यस्तो शैक्षिक प्रमाणपत्र पेश गरेको तथ्यलाई स्वीकार गरेको देखिएकोले उक्त कानूनी व्यवस्थाअनुसार निजले कसूरजन्य कार्य गरेको स्पष्ट हुन्छ । यस्तै विषयवस्तु समावेश भएको पुनरावेदक ताराराज भण्डारी(कार्की) समेत प्रत्यर्थी नेपाल सरकार, *नेकाप* २०६५, अङ्क ६, नि.नं. ६९७४, पृष्ठ ६८७ को मुद्दामा "पेश गर्न आवश्यक नभएको सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्यका पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य (Mens rea) रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाणपत्र पेश गर्ने कार्यमा आपराधिक कार्य र आपराधिक मन वा उद्देश्य समेत दुबै समावेश भएको देखिन्छ" भनी सिद्धान्त प्रतिपादन भई रहेको पाईंदा यी प्रतिवादीले पेश गरेको प्रमाणपत्रबाट निजले लाभ लिनु नै पर्ने अन्यथा भ्रष्टाचारको कसूर नठहर्ने भन्न नमिल्ने हुँदा प्रतिवादीले पेश गरेको प्रमाणपत्रलाई जाली ठहऱ्याई निजलाई भ्रष्टाचार निवारण

ऐन, २०१७ को दफा १२ को कसूरमा सोही ऐनको दफा १२ तथा २९ बमोजिम रू. १,५००।- (एक हजार पाँच सय) रूपैंया जरीवाना हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम्।

१९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको रि.नं. WO-०२२६, उत्प्रेषणयुक्त परमादेश, *ज्ञानुशंकर सैंजु वि. मुना श्रेष्ठ सैंजु समेत*

निवेदकका विरुद्धमा प्रत्यर्थी मुना श्रेष्ठ सैंजुले दायर गरेको सम्बन्ध विच्छेद् मुद्दामा ज्ञानुशंकर संजुका नाउँमा मिति २०६६।१।२९ मा तामेल भएको तामेली म्याद बेरीतको देखिएकोले उक्त म्यादलाई बदर गरी अ.बं. २०८ नं. बमोजिम निवेदकको प्रतिउत्तर लिई जो जे बुझ्नुपर्छ प्रमाण बुझी ठहरेबमोजिम फैसला गर्नु भनी आदेश गर्नु पर्नेमा सो नगरेको काठमाडौं जिल्ला अदालतको मिति २०६८।३।१७ को आदेश तथा सो आदेशलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।१६ को आदेश समेत कानूनविपरीतको त्रुटिपूर्ण आदेश हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदक ज्ञानुशंकर सैंजूले अ.बं. २०८ नं. बमोजिम सम्बन्ध विच्छेद् मुद्दामा फैसला भएको मितिबाट ६ महिनाभित्र नै आफ्नो नाउँमा भएको बेरीतको म्याद बदर गरी प्रतिउत्तर दर्ता गरिपाऊँ भनी मिति २०६८।३।१६ मा काठमाडौं जिल्ला अदालतमा निवेदन दिन आएको देखिँदा निजको नाउँको तामेली म्याद बदर गरी उक्त निवेदनसाथ संलग्न प्रतिउत्तर पत्र दर्ता गरी अरूमा कानूनबमोजिम गर्नु भनी प्रत्यर्थी काठमाडौं जिल्ला अदालत समेतको नाउँमा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल फागुन १२ गते रोज ६ शुभम्।

२०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-१२४०, भ्रष्टाचार, *नेपाल सरकार वि. मकेश्वर साह समेत*

भ्रष्टाचारको आरोपमा अनुसन्धान गर्न पाउने प्रमुख जिल्ला अधिकारीले अनुसन्धान तहकीकात नगरी आफूसमक्ष प्रहरीले बरामद गरी पेश गरेको बरामदी मुचुल्का, नगद र यी प्रतिवादीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा अनुसन्धान गर्ने अख्तियारी नै नपाएको अनधिकृत व्यक्तिले घूस लेनदेन गरेको भन्ने विषयमा बरामदी मुचुल्कालगायतका अनुसन्धान कार्य गरेको तथा सोही अनियमित र गैरकानूनी बरामदी मुचुल्काको आधारमा अभियोगपत्र दायर भएको देखिएकोले बरामदी मुचुल्का र सो आधारमा अनुसन्धान तहकीकातलगायतका कामकारवाहीलाई कानूनबमोजिम भए गरेको कार्य मान्न नमिल्ने हुँदा कानूनद्वारा भ्रष्टाचार मुद्दामा अनुसन्धान, छानबीनलगायतको कार्य गर्न अधिकारै नभएको अनधिकृत व्यक्तिहरूले गरेको बरामदीको आधारमा दायर गरेको अभियोग पत्रको आधारमा तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न कानूनतः नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल चैत ५ गते रोज १ शुभम्।

२१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०१८१, भ्रष्टाचार, *नेपाल सरकार वि.केशवबहादुर के.सी.*

भ्रष्टाचार निवारण ऐन, २०५९ मा हदम्यादसम्बन्धी कुनै खास व्यवस्था रहेको नदेखिएकोले आफूले प्रयोग गर्न नपर्ने तथा अनुसन्धान गर्ने निकायले प्रयोग गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा भएको कानूनी व्यवस्थाको आधारमा हदम्यादभित्र नभएको भनी विशेष अदालतले भ्रष्टाचारसम्बन्धी मुद्दामा कारवाही किनारा गर्न इन्कार गर्न नमिल्ने।

अनुसन्धान कार्य शुरू भएको मितिले मुद्दा दायर गर्ने हदम्याद शुरू भएको मान्नु पर्ने साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क र नेकाप २०६८, अङ्क १०, नि.नं. ८६९७, पृ. १६७५ को मुद्दामा सिद्धान्त प्रतिपादन भइरहेको समेत हुँदा उल्लिखित कानूनी व्यवस्था र नजीर समेतका

आधार र कारणबाट प्रस्तुत मुद्दा २०६३।२।२१ गते दर्ता भएको देखिँदा हदम्यादभित्रै दायर भएको देखियो । हदम्यादभित्र दायर भएको अभियोगपत्रबाट कानूनबमोजिम निर्णय गर्नुपर्नेमा नगरी हदम्याद नघाई दायर भएको देखिएको भन्दै प्रवेश नै नगरी खारेज गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला नमिलेकोले बदर गरी दिएको छ । अब पुनः कानूनबमोजिम जो जे बुझ्नु पर्ने हो बुझी निर्णय गर्नु भनी तारिखमा रहेका पक्षलाई तारिख तोकी दायरीको लगत काटी मिसिल विशेष अदालतमा पठाई दिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम् ।

२२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०३९७, भ्रष्टाचार, *नेपाल सरकार वि. गीता श्रेष्ठ*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा "कुनै व्यक्तिले राष्ट्र सेवकको ओहदा पाउने वा ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसूरको मात्राअनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरीवाना वा दुबै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको छ । त्यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैशियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झूट्टा विवरण दिएमा वा सोसम्बन्धी झूट्टा प्रमाणपत्र पेश गरेमा निजलाई कसूरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरीवाना हुनेछ" भन्ने व्यवस्था रहेको छ । सो व्यवस्थाबाट यी प्रतिवादीले आफ्नो शिक्षासम्बन्धी योग्यता ढाँटी विश्वविद्यालयबाट उत्तीर्ण नगरेको भए पनि द्वितीय श्रेणीमा उतीर्ण गरेको भनी प्रमाणपत्र पेश गरेको देखिँदा निजले उक्त कानूनबमोजिम कसूरजन्य कार्य गरेको पुष्टि हुन आउँदा प्रतिवादी राष्ट्रसेवकले ओहदामा कायम रहन वा माथिल्लो ओहदा प्राप्त गर्ने उद्देश्यले आफ्नो शिक्षासम्बन्धी योग्यता ढाँटी विश्वविद्यालयबाट उत्तीर्ण नै नगरेकोमा पनि द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम कसूर गरेको ठहर्ने हुँदा निजलाई सोही ऐनको सोही दफाबमोजिम रू. २,०००।- (दुई हजार) जरीवाना समेत हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-WO-१००७, परमादेश समेत, *शान्तिप्रसाद लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रधानमन्त्रीको कार्यालयमा सहमति प्रदान गर्ने समयमा आफूकोमा विचाराधीन रहेको न्यायपालिकाको भत्तासम्बन्धी विषयमा अर्थ मन्त्रालयले कुनै निर्णय नगरी आफूकोमा आएको भत्तासम्बन्धी प्रस्तावमध्ये आफ्नो मनोगत आधारमा छानीछानी आफ्नो तालुक निकाय अर्थात् प्रधानमन्त्रीको कार्यालयमा कार्यरत् कर्मचारीलाई भत्ता उपलब्ध गराउने सहमति दिने निर्णय गरेको देखिएको अवस्थामा न्यायपालिकाको प्रस्तावलाई नजरअन्दाज गरेको हैन भनेर विश्वस्त हुनसक्ने स्थिति नदेखिने ।

न्यायपालिकाले आफूअन्तर्गतको कार्यालयमा काम गर्ने कर्मचारीहरूको हकमा निश्चित् अनुसन्धानको अभावमा पनि मापदण्ड बनाई प्रोत्साहन भत्ता दिने तर न्यायपालिकाको कर्मचारीको हकमा अध्ययन प्रतिवेदन र मापदण्ड प्रस्तावित गरिसकेपछि पनि अनदेखा गरी निरन्तर भेदभावपूर्ण व्यवहार गरेको देखिने ।

सरकारको महत्त्वपूर्ण जिम्मेवारी तोकिएको अर्थ मन्त्रालयका हरेक काम कारवाही कानूनसम्मत्, just and fair हुनुपर्ने ।

आफूकोमा आएको प्रस्तावको सम्बन्धमा एक वर्षसम्म पनि कुनै निर्णय नगरी अकर्मण्यता प्रस्तुत गरेको पाइयो । विभेदपूर्ण आशयले वशीभूत भएको यस्तो अकर्मण्यता रिट जारी नहुने आधार हुन नसक्ने ।

समानताको हकले सबै नागरिकहरूलाई एकै प्रकारको व्यवहार गरिनुपर्छ भनी निरपेक्ष समानता (Absolute Equality) लाई अंगीकार गरेको अर्थ गर्न पनि मिल्दैन । समान हैसियत (Similarly Situated) मा रहेकाहरूबीच मात्र भेदभाव गर्न नहुने वा समान व्यवहार गर्नुपर्ने कुरामा समानताको सिद्धान्त अडिएको पाइने ।

राज्यले उचित र विवेकसम्मत आधारमा नागरिकहरूबीच वर्गीकरण गर्नसक्ने विषय आज विश्वव्यापी मान्यता नै हुन पुगेको छ । वर्गीकरण गर्ने कानूनको उद्देश्य र वर्गीकरणले हासिल गर्न खोजेको लक्ष्यबीच विवेकपरक सम्बन्ध रहनु पर्ने हुन्छ । वर्गीकरण औचित्यपूर्ण कार्य कारणमा आधारित हुनपर्ने तथा विवेकपरकताको परीक्षण (Reasonability Test) मा खरो रूपमा उत्रन सकेको हुनुपर्ने ।

व्यक्तिहरूका बीचमा विभेद गर्ने गरी बनाएको कानून तथा लिइएको निर्णयको उद्देश्य र वर्गीकरण वैध (Lawful) र वोधगम्य हुनुपर्ने ।

राज्यले नागरिक सेवामा खटिएको कर्मचारीहरूमध्ये प्रधानमन्त्रीको कार्यालय, राजश्व कार्यालय आदिमा कार्यरत् कर्मचारीलाई कानूनको अख्तियारी बिना र कुनै उपयुक्त आधार बेगर विभेदपूर्ण तरिकाले विभिन्न प्रकृतिका थप प्रोत्साहन भत्ता प्रदान गर्ने तर जनतालाई न्याय प्रदान गर्ने कार्यमा खटिने जनशक्तिलाई कार्यसम्पादन सूचकाङ्कसहित प्रोत्साहन भत्ता प्रस्ताव गरिएकोमा तत्सम्बन्धमा कुनै निर्णय नगरी प्रत्यर्थीहरूको कामकारवाही समानताको सिद्धान्तविपरीत देखिने ।

आफ्नो अन्तर्गतको कर्मचारीको लागि उदार देखिए झैं राज्यकै समान जिम्मेवारी काँधमा लिएका अन्य कार्यालय वा निकायप्रति झन् उदार देखिनु पर्ने हो । यो नै उत्तरदायित्वको सिद्धान्त मानिने ।

अरूको राम्रो व्यवस्था खारेज गर्ने होइन, आफ्नो हकमा कार्यसम्पादनको आधारमा उचित व्यवस्था माग गर्न पाउने अदालतको कर्मचारीको पनि हक हो । यसलाई राज्यले नकारात्मक रूपमा लिन नहुने ।

कार्यपालिकाअन्तर्गतका विभिन्न निकायहरूमा कार्यरत् कर्मचारीहरूलाई उपलब्ध गराइएको प्रोत्साहन भत्तासम्बन्धी समान सिद्धान्तको आधारमा निवेदन मागबमोजिम न्यायपालिकामा कार्यरत् जनशक्तिलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने आवश्यक कार्य गर्नु, गराउनु भनी प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालय समेतको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१६९२, निषेधाज्ञा, *मुन्ना मिश्र वि.विमलकुमार अग्रवाल समेत*

आफ्नो हक स्वामित्वमा रहेको घरका सन्दर्भमा भाडा माग गर्न जाँदा निवेदकले नै धाक धम्की दिएको भनी प्रत्यर्थी सुरेशकुमार क्यालले घर खाली गराउन निवेदन दिएपछि सो सम्बन्धमा निजलाई बुझ्नेसम्मको प्रयोजनको लागि झिकाइएको भन्ने विपक्षी प्रहरी कार्यालय, पर्सा समेतको लिखित जवाफबाट देखिँदा निवेदकलाई पक्राउ गर्ने जवर्जस्ती कागज गराउन सक्ने आशंकाको स्थितिको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०८८४, निषेधाज्ञा, *कृष्णराम विजयानन्द समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल समेत*

जग्गाको अवस्थिति समेत देखिने गरी खिचिएका फोटोहरू हेर्दा उल्लिखित जग्गामा पर्खाल निर्माणको कार्य सम्पन्न भैसकेको अवस्था देखिन्छ । निवेदकले निवेदन जिकीरमा विवादित जग्गामा कम्पाउण्ड पर्खाल निर्माण गर्ने आशंका विद्यमान रहेको भनी जिकीर लिए पनि उक्त फोटोहरूबाट उक्त दावीको जग्गामा पर्खाल निर्माण कार्य सम्पन्न भैसकेको देखिन्छ । प्रस्तुत निवेदन मिति

२०६६।४।३२ मा दायर भएकोमा विपक्षीका तर्फबाट पेश गरिएको मिति २०६६।५।६ को लिखित जवाफमा समेत निर्माण कार्य भैरहेको भन्ने उल्लेख भएको देखिन्छ। विवादित दावीको जग्गामा निर्माण कार्य सम्पन्न भैसकेको अवस्थामा आशंकाको विद्यमानता छ भनी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०२७८, परमादेश, *महेन्द्र आदर्श महिला माध्यमिक विद्यालय जलेश्वर महोत्तरीको तर्फबाट तथा आफ्नो हकमा समेत प्रधानाध्यापक सुजिता देवकोटा समेत वि. विजयकुमार ठाकुर*

प्रत्यर्थी निवेदक विजयकुमार ठाकुर लेखापालको रूपमा कार्यरत रहेका र निजको कानूनी हैसियत अस्थायी प्रकृतिको देखिँदा स्थायी प्रकृतिको कर्मचारीसरह ठानी कुनै सुविधा प्राप्त हुने कानूनी प्रक्रिया अवलम्बन गर्दा स्थायी कर्मचारी सरह नै गर्नुपर्ने अवस्था पनि देखिन्न। यद्यपि निजले लेखापालको पदमा रही कामकाज गरी निजले खाई पाएको तलव सुविधा बाँकी रहेको भए त्यस्तो तलव सुविधा प्राप्त गर्न पाउने अधिकारबाट भने निजलाई बञ्चित गर्न नमिल्ने हुँदा कामकाज गर्दाको निजको तलव सुविधा बाँकी रहेको भए हिसाब किताब गरिदिनु समेत भनी विपक्षी महेन्द्र आदर्श महिला माध्यमिक विद्यालय जलेश्वर समेतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०३५९, उत्प्रेषण परमादेश समेत, *देवदत्त भट्ट वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

के कस्ता प्रकृतिका सूचना प्रकाशन गर्ने वा नगर्ने कार्यकारी निर्णय गर्ने अधिकार कानून मन्त्रालयमा निहीत रहेको देखिन्छ। सूचना प्रकाशन हुनुपर्ने माग निवेदकले राखेकै कारण सूचना प्रकाशन गर्न कानून तथा न्याय मन्त्रालय बाध्य हुन्छ भनी भन्न सक्ने अवस्था हुँदैन। सूचना प्रकाशन गर्ने वा नगर्ने र कस्तो सूचना कहिले प्रकाशन गर्ने भन्ने कुरा नितान्त अमूक मन्त्रालयको कार्य विभाजनको अधिकारभित्र आउँछ। वन मन्त्रालयले सूचना सम्पादनको लागि लेखी पठाएकै आधारमा कानून मन्त्रालयले उक्त सूचना सम्पादन गर्नुपर्दछ भनी अर्थ गर्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ८ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०६८९, निषेधाज्ञा परमादेश, *रामउद्धार साह तेली वि. जिल्ला शिक्षा कार्यालय, बारा, कलैया समेत*

निवेदकले कुन कुन विद्यालयमा अस्थायी शिक्षकको रूपमा कार्य गरेबापत के कति रकम प्राप्त गर्ने हो भन्ने स्पष्ट उल्लेख गरेको देखिन्न। जिल्ला शिक्षा कार्यालय बाराको पत्र व्यहोरा समेतबाट निजको तलव भत्ता सम्बन्धित विद्यालयबाट प्राप्त गर्नसक्ने कुरालाई अन्यथा नभनी स्वीकार गरी बसेको अवस्थामा यी निवेदकले दावी गरेको के कुन सभयभित्र कुन-कुन विद्यालयमा अध्यापनको काम गरेको हो सोही विद्यालयबाट रकम भुक्तानी यकीन भै भुक्तानीको प्रक्रिया प्रारम्भ हुन सक्ने नै हुँदा निवेदन खारेज हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०८९८, परमादेश, *भीमबहादुर खड्का वि. जिल्ला शिक्षा कार्यालय, सल्यान समेत*

मिति २०६६।३।२५ को भवानी निम्न माध्यमिक विद्यालय सिन्वाङ, सल्यानको लेटरप्याडमा अंग्रेजी विषयका लागि राहत कोटाअन्तर्गतको शिक्षकको लागि आवश्यकता भनी सूचना प्रकाशन गरेको भन्ने उक्त सूचनाको छायाँप्रति व्यहोरामा उल्लेख भएको देखिन्छ। सोही सूचनाबमोजिम माग गरिएको विज्ञापनमा उल्लिखित व्यहोराको सूचना टाँस भएको समेत सूचना टाँसको प्रतिलिपिबाट समेत देखिन्छ। सोही सूचनाबमोजिम उक्त

विज्ञापनअनुरूपको परीक्षामा मधुसुदन गौतम मात्र सहभागी भएको र निजले ८५ अंक प्राप्त गरेको भन्ने समेत शिक्षक छनौट समितिको सूचनाको छायाँप्रतिबाट देखिन्छ। यसरी उक्त विद्यालयमा रिक्त दरवन्दीमध्ये राहत कोटा उपलब्ध भै शिक्षकको पदपूर्तिका लागि यी प्रत्यर्थी मधुसुदन गौतम बाहेक अन्य कसैको दरखास्त परेको भनी यी पुनरावेदकले जिकीर लिन सकेको पनि देखिन्न। पुनरावेदकले उल्लिखित सूचनालगायतका कागजात पछि तयार गरिएको भनी जिकीर लिए पनि ती लिखत कागजको परीक्षण गर्न माग समेत गरेको नदेखिँदा नियुक्तिका सम्बन्धमा व्यवस्थापन समितिले निर्णय गरी सूचना प्रकाशन भएको, सो सूचना कानूनविपरीत समेत नदेखिएको अवस्थामा प्रत्यर्थी मधुसुदन गौतमलाई राहत कोटामा नियुक्त गर्ने गरी भएका कामकारवाही कानूनसम्मत् हुँदा सोही आधार कारण समेतबाट निवदेन खारेज हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०३००, निषेधाज्ञा, *मो. मक्की मिँया वि. रसुल मिँया समेत*

निवेदकले दावी लिएको जग्गा निजको नाउँमा दर्ता कायम भै स्वामित्वमा रहेको भन्ने तथ्य स्पष्ट रूपमा पुष्टि गर्न नसकेको एवं निर्विवाद हकभोगको स्थिति भएमा मात्र त्यस्तो हकमाथि अतिक्रमण हुन सक्ने आशंकाको विद्यमानता भएमा मात्र विपक्षीउपर निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने हो। अतः पुनरावेदकले दावी लिएको जग्गामा निजको निर्विवाद हकभोग स्थापित हुन नसकेको अवस्था देखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-११४९, उत्प्रेषणयुक्त परमादेश, *ओमप्रकाश महतो वि. मध्यक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, रूद्र बाहिनी पथलैया, बारा समेत*

बिदा स्वीकृत गर्ने अधिकारीबाट मिति २०६७।११।२२ देखि मिति २०६७।११।२४ सम्मको बिदा स्वीकृत गराई पछि कार्यालयमा हाजीर हुन आउँदा निवेदकलाई हाजीर नगराएको भन्ने रिट निवेदनबाट समेत देखिन्छ। स्वीकृत बिदा समाप्त भएपछि कार्यालयमा हाजीर हुन आएको निवेदकलाई हाजीर हुन आएको अवस्थामा हाजीर नगराई सो अवधिलाई बिदा स्वीकृत नगराई अनुशासन उल्लंघन गरेको भन्ने आरोप लगाउनु पर्याप्त हुँदैन। आरोपको उल्लंघन भएको कुरा स्पष्ट रूपमा देखिनु पनि पर्ने।

रिट निवेदकलाई सेवाबाट निष्काशन गर्नुपूर्व सफाइको मौका समेत दिएको एवं सफाइको मौका दिन नपर्ने भनी पर्चा खडा समेत गरेको देखिएन। भगौडा भन्न पनि बिदाबाट फर्की उपस्थित भएको र तत्पश्चात् भागेको भनी भन्ने तथ्यबाट स्थापित गर्न नसकेकोले यी रिट निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी मध्यक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय रूद्र बाहिनी पथलैयाका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकबाट मिति २०६७।१२।१३ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मध्यक्षेत्रीय सशस्त्र बल मुख्यालय रूद्र बाहिनीका सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट भएको मिति २०६८।२।१ को पुनरावेदन निर्णय समेत कानूनसम्मत् नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदकलाई पूर्ववत् सेवामा कानूनबमोजिम बहाल गरिदिनू भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल जेठ ८ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-१४४२, निषेधाज्ञा, *रत्नमाया राजथला समेत वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुर समेत*

जग्गाको विषयमा परेको उजूरीमा छलफल गराउन निवेदकहरूलाई समझदारी गराउनसम्म खोजेको तर निजहरूलाई कुनै कागज नगराएको भनी प्रत्यर्थी वडा प्रहरी कार्यालय, मकवानपुर समेतको लिखित जवाफबाट देखिएको र निवेदकले उल्लेख गरेबमोजिमको अवस्था सिर्जना भएमा निवेदकहरूले

पुनः कानूनी उपचारप्राप्त गर्न सक्ने अवस्था रहने नै हुँदा पुनरावेदकले माग गरेजस्तो अवस्था विद्यमान भएको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको रिट नं. २०६८-WO-०९३२, उत्प्रेषणयुक्त परमादेश, *दीपककुमार पोखरेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

न्यायाधीशको काम सदैव जोखिमपूर्ण छ किनकि यसमा सबै एक पक्षले जीतेको हुन्छ र अर्कोले हारेको । त्यहीमाथि चोर, डाँका, ज्यानमारा, लागू औषध तथा संगठित अपराधमा संलग्न व्यक्तिहरूको मुद्दा दिनहुँ निर्णय गर्नुपर्ने हुन्छ । यस्ता संवेदनशील मुद्दाको दिनहुँ निर्णय गरिरहनु पर्ने अवस्थामा असन्तुष्ट व्यक्तिबाट सदैव खतराको महसूस गरिएको हुन्छ । त्यहीं भएर संसारभरी न्यायाधीशको सुरक्षामा सरकारले अति सजगता अपनाएको हुन्छ र न्यायाधीशको सुरक्षाउपर घटेको सानो भन्दा सानो घटनाले देशकै सुरक्षा व्यवस्था आलोचित बन्न सक्छ । यसरी न्यायाधीशको तुलनामा कम जोखिमपूर्ण काम गर्ने मन्त्रीहरूको साजसज्जा राज्यले जोड दिनु र हमेशा खतरनाक निर्णय गर्नुपर्ने न्यायाधीशहरूको सेवा सुरक्षालाई कम गम्भीर आँकलन गर्नु बिडम्बनापूर्ण हुने ।

राज्यबाट न्यायाधीशहरूलाई प्रदान गरिएका निजी सुरक्षा अधिकारी (PSO), सुरक्षा गार्ड र सवारीचाकलकहरूले गर्नुपर्ने सेवाको मात्रा र गुण प्रधानमन्त्रीदेखि राज्यमन्त्रीसम्मको सेवामा खटिएका PSO, सुरक्षागार्ड र सवारी चालकहरूको भन्दा कम समय वा कम जोखिमपूर्ण हुने अवस्था नरहेको र राज्यको एक अंगले आफ्नो हकमा सेवा गर्ने सुरक्षाकर्मी वा सवारीचालकको हकम बढी सुविधा दिने र राज्यकै अर्को अंग न्यायपालिकामा खटिने त्यस्ता कर्मचारीहरूको हकमा घटी सुविधा दिनु सोभै भेदभावपूर्ण देखिँदा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री तथा राज्यमन्त्रीको सुरक्षा तथा सेवामा खटिने पि.एस.ओ. सुरक्षा गार्ड र सवारीचालक र न्यायाधीशहरूको सुरक्षा तथा सेवामा खटिएका पि.एस.ओ. सुरक्षा गार्ड र सवारीचालक समान वर्गमा पर्ने स्थितिमा यिनीहरू बीचमा सरकारबाट मिति २०६५।७।२० को निर्णयबाट भेदभावपूर्ण व्यवहार गरेको पुष्टि भएकोले यस अदालतको मिति २०६५।२।१३।२ परमादेशको भावनाअनुरूप मिति २०६५।७।२० को मन्त्रिपरिषद्को निर्णयबाट कायम गरिएको PSO, सवारीचालक र सुरक्षागार्डको खानाबापतको सुविधा समानताको सिद्धान्तको आधारमा न्यायपालिकाअन्तर्गत कार्यरत न्यायाधीशहरूको साथमा रहने PSO, सवारीचालक एवं सुरक्षा गार्डलाई पनि निवेदन मागबमोजिम उपलब्ध गर्नु, गराउनू र सोको जानकारी अविलम्ब यस अदालतलाई समेत दिनु भनी विपक्षीहरूको नाउँमा यो परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असार ११ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०६८२, उत्प्रेषण/परमादेश, *एभरेष्ट बैंक लिमिटेड प्रधान कार्यालय, लाजिम्पाटको तर्फबाट अख्तियारप्राप्त प्रमोदराज शर्मा वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण, बिजुलीबजार काठमाडौं समेत*

प्रतीतपत्रलाई दुई फरक देशमा रहेका खरीदकर्ता र बिक्रीकर्ताबीच हुने खरीद बिक्रीसम्बन्धी कारोवारमा मान्य भुक्तानीको माध्यमको रूपमा अन्तर्राष्ट्रियस्तरमा मान्यता दिइने बैंकिङ प्रचलन भएको हुनाले यस्तो प्रक्रियाबाट सिर्जना हुने वा कायम हुने ऋणलाई नेपालको अदालतहरूले मान्यता दिई आएका छन् । यदि यस्तो मान्यता नदिने हो भने नेपालका अदालतप्रति बैक तथा उद्यम व्यवसायीको अविश्वास तथा अनास्था उत्पन्न हुने मात्र नभई प्रतीतपत्रको माध्यमबाट नेपालीहरूले सामानहरूको खरीद गर्न पाउने सुविधाबाट बञ्चित भई नेपाल राष्ट्रले नै अपूरणीय क्षति पनि व्यहोर्न पर्ने अवस्था हुने ।

प्रतीतपत्रको शर्तअनुरूप प्रतीतपत्रमा उल्लिखित सामानको मूल्य बिक्रीकर्तालाई बुझाएको

प्रमाण र उक्त मूल्य बराबरको रकम ऋणीको ऋण खातामा बुक गरिएपछि ऋणीको नाममा ट्रष्ट रिसिप्ट कर्जा कायम भएको मानिने ।

प्रतीतपत्र खोल्ने बैंकले प्रतीतपत्रअनुसारको सामानको मूल्य बिक्रीकर्तालाई बुझाएको प्रमाण र सो रकम ऋणीको ऋण खातामा बुक गरिएको कुरा बैंकले नियमितरूपमा राखेको बहीखाताबाट देखिएको अवस्थामा ऋणीको नामको टि.आर. (ट्रष्ट रिसिप्ट) कर्जा कायम भएको र निजले उक्त ऋण लिएको छ भन्ने कुराको प्रमाणको रूपमा अदालतहरूले मान्यता दिनुपर्ने ।

प्रमाण ऐन, २०३१ को दफा १४ अनुसार पनि यस्ता अभिलेख वा बैंकले नियमित कारोवारको सिलसिलामा ऋणीको खातामा ऋण जनाएको विवरणलाई नै ऋणीले बैंकबाट ऋण लिएको कुराको प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । यसैले टि.आर. (ट्रट रिसिप्ट) कर्जाको सम्बन्धमा अन्य कुनै थप लिखत वा प्रमाणको आवश्यकता नपर्ने ।

प्रतीतपत्रमा निर्धारित शर्तअनुरूप विपक्षी ऋणी फर्मकोतर्फबाट सामानको बिक्रीकर्तालाई निवेदक बैंकले सामानको मूल्य भुक्तानी गरेको प्रमाणित भएपछि सोहीको आधारमा उक्त सामानप्राप्त गर्ने विपक्षी फर्मले निवेदक बैंकबाट उक्त टि.आर. कर्जा प्राप्त गरेको निर्विवाद प्रमाण मानिने हुँदा सोही कर्जाको बारेमा पुनः अर्को नयाँ लिखत हुनुपर्दछ भन्ने कुरा प्रतीतपत्र प्रक्रियाबाट हुने भुक्तानी प्रक्रियाको मान्य प्रचलन र करारसम्बन्धी प्रचलित नेपाल कानूनको समेत विपरीत हुन जाने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख ३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०३७०, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *रत्नबहादुर चिकंबजार वि. आसबहादुर चिकंबजार*

नक्सा मुचुल्का हेर्दा कि.नं. ६०५ को उत्तरतर्फ पूर्वपश्चिम लम्बाई १५१ फिट हुनुपर्नेमा यथार्थमा १३५ फिट मात्र वादीको भोगमा रही नापीको कित्ताबाट भन्दा १६ फिट जग्गा कम रहेको देखिन्छ । यसको विपरीत कित्ताकाट हुँदा उत्तरतर्फ पूर्वपश्चिम ३६ फिट मात्र प्राप्त गरेका प्रतिवादीको भोगमा उक्त ३६ फिट बाहेक न.नं. १७ को १६ फिट जग्गा समेत रहेको उक्त नक्सा मुचुल्काबाट देखिन आउँछ । विवादित न.नं. १७ को १६ फिट जग्गा वादीको हाल भोगमा रहेको निर्विवाद १३५ फिट जग्गामा जोड्दा नापीको कित्ताकाटबमोजिम १५१ फिट हुन आउने देखिन्छ भने न.नं. १७ को १६ फिट जग्गा बाहेक गर्दा पनि प्रतिवादीको भोगमा कित्ताकाट बमोजिमको ३६ फिट जग्गा पुगिरहेको देखिने ।

नक्साको आकार एवं प्रकृति समेत हेर्दा न.नं. १७ को विवादित भनी उल्लेख भई आएको जग्गा वादीको कि.नं. ६०५ भित्र पर्ने देखिएको छ । उक्त विवादित जग्गामा घर निर्माण भएको छैन र त्यसमा समेत पर्ने गरी घरको नक्सा पनि पास भएको छैन । यस अवस्थामा उक्त मिति २०६२।९।४ कम नक्सा मुचुल्काको विवादित न.नं. १७ पनि आफ्नो भनी प्रतिवादीले नक्सा मुचुल्कामा जिकीर लिएको देखिएका उक्त न.नं. १७ को जग्गासम्म प्रतिवादीले खिचोल गरेको देखिँदा २०६२।९।४ को नक्सा मुचुल्काको न.नं. १७ को जग्गा वादीले कि.नं. ६०५ भित्रको भएकोले त्यसमा प्रतिवादीले खिचोला गरेको ठहऱ्याउनु पर्नेमा वादी दावी नपुग्ने ठहऱ्याएको शुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको २०६३।१२।१९ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल फागुन २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको दे.पु.नं. ०६७-CI-१६८६, जोत नामसारी दा.खा., *बिजुलादेवी थापा भुजेल समेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

विवादित जग्गाको मोही नामसारीको विवाद उठी सोही विषयमा नै गुठी संस्थान केन्द्रीय कार्यालय र गुठी संस्थान शाखा कार्यालयबाट निर्णय भएको देखिन्छ । यी पुनरावेदिकाहरूले गुठी संस्थानमा दिएको निवेदन पनि निजहरूका नाउँमा आफ्नो पिताको नामको मोही नामसारी गरिपाऊँ भन्ने नै रहेको छ । साथै यी

पुनरावेदिकाहरूले पुनरावेदन अदालत, पाटनमा दिएको पुनरावेदन पत्रमा पनि बाबुको नाउँको मोहीहक आफ्नो नाउँमा नामसारी हुनुपर्ने भन्ने जिकीर लिएको देखिन आयो । वास्तवमा गुठी संस्थान शाखा कार्यालय, ललितपुरले मिति २०६५।२।२७ मा कुनै नयाँ निर्णय गरेको होइन । अपितु गुठी संस्थान, केन्द्रीय कार्यालयले मिति २०६२।३।२१ मा गरेको निर्णय कार्यान्वयन गर्न सम्बन्धित कार्यालयहरूमा लेखी पठाउनेसम्म निर्णय गरेको हो । उक्त मिति २०६५।२।२७ को निर्णय स्वतन्त्र निर्णय नभएकोले त्यसउपर पुनरावेदन गर्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको फौ.पु.नं. ०६५-CR-०७१४, कुटपीट, *टेकबहादुर श्रेष्ठ समेत वि. टेकनाथ काफ्ले समेत*

फिरादपत्रमा ११ जना प्रतिवादीहरूले कुटपीट गरेको भन्ने दावी लिएको सन्दर्भमा उक्त घाजाँच केश फाराममा उल्लेख भएको चोटको प्रकृति हेर्दा यति धेरै जना प्रतिवादीले यी दुई जना वादीलाई कुटपीट गरी चोट परेको भन्ने दावी आफैंमा शंकास्पद देखिन्छ । वादीले फिरादपत्रमा प्रतिवादी बनाएका धर्मानन्द ओझा र भोला ओझाको म्याद बेपत्ते भै निजहरूको नाम नै संशोधन गर्न खोजेको देखिएकोले निजहरू वास्तविक व्यक्तिहरू नभई पहिचान नै नभएका व्यक्तिउपर समेत वादीले फिराद दिएको देखिन आउँछ । प्रतिवादी नन्दलाल प्रसाईको उमेर फिरादपत्रमा ७४ वर्ष र प्रतिउत्तरमा ८३ वर्ष भनी उल्लेख भएकाले सो उमेरको वृद्धावस्थाको व्यक्तिको वारदातमा संलग्नता भएको दावी पनि शंकास्पद देखिन आयो । प्रतिवादीमध्येका देवीभक्त काफ्ले २०६३।१।३ गतेदेखि २०६३।१।१९ सम्म जिल्ला पशु सेवा कार्यालय, खाँदवारीमा हाजीर रहेको भन्ने प्रमाणित हाजीर तथा बिदा रेकर्डबाट देखिएकाले कुटपीटको वारदात कायम हुन केवल घाजाँच केश फाराम मात्र पर्याप्त हुँदैन । सो घाजाँचमा उल्लेख भएको घा चोट प्रतिवादीहरूकै कुटपीटबाट भएको भन्ने कुरा पुष्टि हुनुपर्नेमा सो हुन नसकेकोले घाजाँच केश फारामको आधारमा मात्र प्रतिवादीहरूलाई कसूरदार मान्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतबहादुर कार्की,** २०६६-WO-१२३२, उत्प्रेषण, परमादेश, *डा. कमल गिरी वि.लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

जुनसुकै विशिष्टिकृत विषयमा स्नातकोत्तर गरे पनि सो उपाधिलाई सम्बन्धित विषयमा नै गरिएको स्नातकोत्तर उपाधि मान्नुपर्ने हुन आउँछ । यही तर्कसंगत् र विवेकपूर्ण हुने देखिन्छ । मेडिसिन लेखिएको विषयमा स्नातकोत्तर गरिएको विषय सम्बन्धित र मेडिसिन नलेखिएको विपक्षीको स्नातकोत्तर उपाधि असम्बन्धित हुन सक्दैन । सोही आधारमा लोकसेवा आयोगले परीक्षा सञ्चालन गरेको र रामनन्दन तिवारी लिखित तथा अन्तर्वार्ता परीक्षा समेतबाट सफल भएकोले निजलाई नियुक्ति गर्नको लागि लोकसेवा आयोगबाट मिति २०६७।२।७ मा सिफारिश गर्ने निर्णय गरेको देखिन्छ । यसरी विपक्षी रामनन्दन तिवारीले B.v.sc. & A.H. उपाधि हासिल गरी सोही विषयमा M.Sc. Animal Science मा स्नातकोत्तर उपाधि प्राप्त गरेको देखिँदा लोकसेवा आयोगबाट प्रकाशित वि.नं. १००६/०६६-०६७, नेपाल कृषि सेवा, भेटेरेनरी समूह, रा.प. द्वितीय श्रेणी (प्रा.) पदको लागि रामनन्दन तिवारीले हासिल गरेको M.Sc. Animal Science मा स्नातकोत्तरको शैक्षिक उपाधिलाई सम्बन्धित विषयमा स्नातकोत्तरको उपाधिको मान्यता दिई निजलाई विज्ञापित पदमा नियुक्तिका लागि सिफारिश गर्ने गरी लोकसेवा आयोगबाट भएको २०६७।२।७ को निर्णय र सो अनुसार भए गरेका अन्य कामकारवाही कानूनअनुरूप भएको देखिँदा त्यसबाट यी निवेदकको हकमा असर परेको देखिन आएकोले निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल जेठ ९ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६-WO-१२५५, उत्प्रेषण, परमादेश, *डा. सुधीरकुमार सिंह वि.लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-RC-००५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ईश्वर विष्ट*

जाहेरी दरखास्त समर्थन हुने गरी जाहेरवालाको अदालतमा भएको बकपत्र, सर्वोच्च अदालत समेतबाट कसूरदार ठहरिएका सहअभियुक्त वीरबहादुरको अदालतमा भएको बयान र घटनामा घाइते प्रभात दाहाल समेतले एवं नानु भुजेल समेतले गरेको मौकाको कागज एवं सो कागजको समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, शव परीक्षण प्रतिवेदन समेतबाट यी प्रतिवादी समेतले फलामको रडले मृतकलाई टाउकोमा कुटपीट गरेको कारण मृतकको मृत्यु भएको भन्ने तथ्य पुष्टि हुन आयो । यस्तो अवस्थामा निज प्रतिवादी ईश्वर विष्टलाई ज्यानसम्बन्धी महलको दफा १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल जेठ ५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०३९६, मोही लगत कट्टा, *बेचनी यादव वि. रामपृत महतो*

जुक्ति यादव नै जुगता यादव हुन् भनी प्रमाणित हुन नआएको अवस्थामा पुनरावेदिका बेचनी यादव दावीको जग्गाको मोही जुगता यादवको पत्नी हुन् भन्न नमिल्ने र मोही जेगता यादव मरी निजको अन्य हकवाला कोही नभएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ग) समेतबाट मरिसकेको मोहीबाट भागेको वा बेपत्ता भएको मोही सरह मान्नुपर्ने हुन आउँछ भन्ने यस अदालतबाट (*नेकाप* २०३५, नि.नं. ११६१, पृष्ठ १२१) सिद्धान्त प्रतिपादन भएको पाइन्छ । त्यस्तो अवस्था पर्न आएको खण्डमा उक्त ऐनबमोजिम मोही लगतको स्रेस्ता सच्याउने गरी साधिकार निकायबाट भएको कामकारवाहीलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी पुनरावेदिकाको पति चन्द्रलालपुर गा.वि.स. वडा नं. ६ बस्ने जुक्ति यादव रहेको कुरा प्रतिवादीले पेश गरेको नागरिकताको प्रमाणपत्र र मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएको छ भने वादीको जग्गाको मोही चन्द्रलालपुर गा.वि.स. वार्ड नं. ५ बस्ने जुगता यादव रहेको देखिँदा प्रत्यर्थी वादीले मोही भनेको जगता यादव र पुनरावेदिका प्रतिवादीले मोही भनी जिकीर लिएको जुक्ति यादव भन्ने व्यक्ति एउटै नभई अलग-अलग व्यक्ति रहेको प्रमाणित भएको र निजहरूले मोहीको १ नं. लगत समेत अलग-अलग नै भरेको देखिनाले यस अदालतबाट निस्सा प्रदान गर्दा लिइएको आधार र कारणसँग सहमत हुन नसकिने ।

प्रतिवादी पुनरावेदिकाको पति चन्द्रलालपुर गा.वि.स. वडा नं. ६ बस्ने जुक्ति यादव र विवादको जग्गाको मोही सोही गा.वि.स. वडा नं. ५ बस्ने जुगता यादव एउटै व्यक्ति नभै अलग-अलग व्यक्ति रहेको एवं वास्तविक मोही जुगता यादवको मृत्यु भइसकेको र भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिमको निजको मोहीसम्बन्धी हक प्राप्त गर्ने कोही नभएको समेतले वादीको दावीबमोजिम जग्गाको मोही लगतबाट जुगता यादवको नाम कट्टा हुने गरी ठहऱ्याएको शुरू भूमिसुधार कार्यालय, सिरहाको मिति २०५८।१०।१५ को निर्णय सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६४।३।२७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६९ साल जेठ १२ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०१९३, निर्णय बदर, *दुलारीदेवी वि. भुलन महतो उराव*

कि.नं. ११८ को जग्गा प्रतिवादीले २०६२ सालमा मात्र खरीद गरेको उक्त जग्गा खरीद गरी लिंदाको अवस्थामा नै मोही जनिएको व्यक्तिको २०२९

सालमा परलोक भएको भए साविक जग्गाधनीले नै त्यस्तो मोहीको मरूवा लगत कट्टा गर्न सक्नुपर्नेमा साविक जग्गाधनीबाट केही कारवाही भएको नदेखिएको र २०६२ सालमा जग्गा खरीद गर्ने व्यक्तिलाई थाहा नहुनु पत्यारलायक र विश्वसनीय पनि देखिन नआउने ।

मोहीले जग्गा छोडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारीसमक्ष ३५ दिनभित्र दिनु पर्दछ र तोकिएको अधिकारीले पनि सो कुराको जाँचबुझ गरी दफा २५ को उपदफा (२) को देहाय ४ को खण्ड(ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ भन्ने उल्लेख भएकोमा सो समयावधिभित्र साविक जग्गावालाले प्रक्रिया शुरू गरी तोकिएको अधिकारीबाट दर्ता किताब सच्चिएको भन्ने पनि नदेखिने ।

कि.नं. ११८ को जग्गाको दर्तावाला मोही मृतक हेमन्त महतो उरावको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमाजिमको हकप्राप्त व्यक्ति छोरा यी वादी हुँदाहुँदै हेमन्त महतो उरावको कोही सन्तान नभएको भनी यी प्रतिवादीले दिएको निवेदनको आधारमा मोहीको लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालय, पर्साको मिति २०६४।२।१ को निर्णय कानूनसम्मत् देखिन नआउने ।

कि.नं. ११८ को जग्गाको मोही हेमन्त महतो उराव भएकोमा विवाद नभएको, निज वादीको पिता भएको र निजको मृत्यु मिति २०५५।१०।२५ मा भएको भन्ने देखिएकोले निज मृतक मोहीको कानूनबमोजिमको हकप्राप्त व्यक्ति वादी छँदाछँदै हेमन्त महतो उरावको २०२९ सालमा परलोक भई निजको हकदार कोही नभएको भनी यिनै प्रतिवादीले दिएको निवेदनको आधारमा मरूवा मोहीको लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालय, पर्साको मिति २०६४।२।१ को निर्णय बदर गरिपाऊँ भन्ने वादीको दावी पुग्न नसक्ने ठहऱ्याएको भूमिसुधार कार्यालय, पर्साको मिति २०६४।९।२२ को निर्णय नमिलेको हुँदा उल्टी गरी वादीको दावीबमोजिम भूमिसुधार कार्यालय, पर्साको मिति २०६४।२।२१ को निर्णय बदर हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१२।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

इति संवत् २०६९ साल जेठ ४ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६७-CI-०९५३, निषेधाज्ञा, *दुलारीदेवी वि. भुलन महतो उराव* भएको मुद्दामा पनि मोही हकसम्बन्धमा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-WO-००३९, उत्प्रेषण, *युनिलिभर नेपाल लिमिटेडको तर्फबाट अधिकारप्राप्त भई आफ्नो हकमा समेत ऐ.का प्रवन्धक अम्बरबहादुर थापा र ऐ.को प्रवन्ध निर्देशक राकेश मोहनको सट्टामा कामरान वाकर वि. ब्रजकिशोर पण्डित समेत*

स्पष्टीकरणको अन्तर्वस्तु विषय वा प्रसंगअनुरूप फरक-फरक हुन सक्दछन् । प्रस्तुत प्रतिष्ठानको कामदार कर्मचारीले गरेको भनिएको खराब आचरणबापत गरिने सजायको सन्दर्भमा श्रम ऐन, २०४८ को दफा ५२ बमोजिम सोधिने स्पष्टीकरणमा मूलतः निम्नानुसारका अन्तर्वस्तु अनिवार्य रूपमा समाविष्ट भएको हुनुपर्नेः

(क) कुनै कामदार कर्मचारीलाई ऐनको दफा ५१ मा वर्णित खराब आचरणमध्ये के कुन आचरण गरेको आरोप लगाइएको हो सोको स्पष्ट तथ्य,

(ख) त्यस्तो कामदार कर्मचारीले खराब आचरण गरेको तथ्य प्रमाणित भएका ऐनको दफा ५२ मा उल्लेख गरिएका विभिन्न प्रकारका सजायमध्ये के कस्तो सजाय हुन सक्ने हो सो कुरा, र

(ग) सो विषयमा स्पष्टीकरण पेश गर्न कम्तीमा पनि सात दिनको समयावधि ।

कुनै अमुक विषयमा कुनै प्रतिष्ठानले आफ्ना कामदार कर्मचारीसँग तथ्यको जानकारी लिनु र कामदार कर्मचारीलाई खराब आचरणमा कारवाही गर्ने प्रयोजनको लागि ऐनबमोजिम स्पष्टीकरण सोध्नु छुट्टाछुट्टै विषय हुनाले तिनलाई समान अर्थमा वा अन्तर्परिवर्तनीय रूपमा ग्रहण गर्न नमिल्ने ।

किटानी सजाय कुन तथ्यमा आधारित छ र सो तथ्य कसरी स्थापित भयो भन्ने विवरणका अतिरिक्त कारवाही गरिने सुनिश्चित्ताबाहक पत्रलाई मात्र कुनै

पनि कामदार कर्मचारीलाई कारवाहीको प्रयोजनका लागि सोधिएको स्पष्टीकरण मान्नुपर्ने हुन्छ । कारवाही गर्नु अघि कारवाही गर्ने अधिकारवाला सुनिश्चित् हुन माग गरिने जानकारी वा तथ्यलाई स्पष्टीकरण सोधिएको भन्न नमिल्ने ।

मातहत अदालतले सबूद प्रमाणको मूल्याङ्कन समेत नगरी मुद्दाका पक्षले उठाएका प्रश्नहरूमा प्रवेश नै नगरी प्राविधिक प्रश्नमा सीमित रही गरेको निर्णय सो प्राविधिक प्रश्न कानूनसम्मत् नदेखिएमा पुनः निणयार्थ मुद्दा सोही निकायमा पठाउनु न्यायसंगत् हुन्छ । कारण पुनरावेदकीय हक पक्षहरूका लागि संरक्षित कानूनी हक हो । निर्णय फैसलामा चित्त नबुझे माथिल्लो निकायमा कानूनको अधीनमा रही पुनरावेदन गरी सो निर्णय वा फैसला पुनर्परीक्षण गराई पाउने पक्षको हकलाई कानूनी संरक्षण प्राप्त छ । माथिल्लो अदालतले तल्लो अदालतको अधिकारक्षेत्र ग्रहण गरी विवादको विषयमा प्रवेश गरी निर्णय नै गर्न नसक्ने भने होइन । तर, यसो गर्दा पक्षहरूको पुनरावेदन गर्न पाउने हक अपहरित त हुँदैन भन्ने कुरामा पनि त्यत्तिकै सजग रहनु पर्दछ । खासगरी सर्वोच्च अदालत अन्तिम न्यायिक निकाय भएबाट सीमित आधारमा हेरिने पुनरावलोकनका आधारमा बाहेक मुद्दाको सो निर्णयपछि अन्त्य हुन पुग्छ । यति लामो समय मुद्दा चलेको पक्षको अझ बढी समय मुद्दामा संलग्न रहन उमेर, आर्थिक, लैंगिक र सामाजिक अवस्थाका कारण दुरूह रहेको एवं समयकै कारणले निर्णयको प्रतिफल पाउन नसक्ने अवस्था देखिएमा भने माथिल्लो न्यायिक निकायले मातहत अदालतको अधिकारक्षेत्र स्वयं ग्रहण गर्न सक्दछ । अन्यथा प्राविधिक प्रश्नमा खारेज गरिएको वा विषयवस्तुमा प्रवेश नगरेको निर्णय ती आधार लिइएका प्रश्नहरू कानूनसम्मत् नपाइएमा पुनः सोही निकायमा निर्णयार्थ पठाउनु पर्ने हुँदा श्रम अदालतको उक्त निर्णयमाथि विवेचित आधार र कारण समेतबाट उत्प्रेषणको आदेशद्वारा बदर भएकोले सो मुद्दामा विषयवस्तुभित्र प्रवेश गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी श्रम अदालतको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६६-WO–१२९३, उत्प्रेषणयुक्त परमादेश, *युनिटी लाइफ इन्टरनेशनल लि. को हकमा अख्तियारप्राप्त अध्यक्ष काशीराम गुरुङ वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै व्यक्ति, कम्पनी वा व्यक्तिहरूको समूहको गैरकानूनी कार्यबाट सर्वसाधारणलाई झुक्याई वा ललाई फकाई वा अन्य कुनै व्यहोराले झूठो आश्वासन दिई कुनै व्यक्तिको चल अचल सम्पत्ति अपचलन गरेमा, कानूनको अख्तियारी विना निजहरूको सम्पत्तिबाट नाजायज फाइदा लिएमा, सम्पत्तिको वास्तविक मालिकलाई नोक्सानी हुने काम गरे गराएको वा यस्तो परिस्थितिको सिर्जना गर्ने गराउने कार्यलाई रोक्नु, सो उपर निगरानी राख्नु र यस्ता प्रकारका क्रियाकलापबाट जनताहरू मर्कामा परेका, ठगिएका वा झुक्याइका छन् भन्ने गुनासाका उजूरीहरू तथा गुनासाहरू कुनै स्रोतबाट सार्वजनिक जानकारीमा आएपछि यस्ता कार्यहरू भए गरेका छन् वा छैनन् भन्ने सम्बन्धमा वास्तविकता पत्ता लगाउने कार्यमा आवश्यक छानबीन गर्ने गराउने कर्तव्य पनि संविधान अन्तर्गत निर्धारित कार्यकारिणी दायित्वभित्र स्वतः पर्ने हुँदा यस्ता गुनासाहरू सार्वजनिक भएपछि यस विषयमा नेपाल सरकारले वास्तविक सत्य तथ्य पत्ता लगाउने कार्य नगर्ने हो भने नेपाल सरकारले पूरा गर्नुपर्ने संवैधानिक दायित्वबाट च्यूत हुने मात्र नभइ संविधानको भाग ३ अन्तर्गत प्रदत्त हकहरू लगायत सम्पत्तिसम्बन्धी हकको प्रयोग र प्रचलन गर्न गराउनबाट सार्वभौम नेपाली जनता बञ्चित हुने अवस्था सिर्जना हुने ।

कम्पनीका सञ्चालक वा निवेदक कम्पनी आफै कुनै विकास बैङ्कको सञ्चालक समितिमा भए रहेको कारणले मात्र निवेदक कम्पनीले सर्वसाधारणहरूबाट निक्षेप संकलन गर्ने र बैकिङ्ग कारोवार सञ्चालन गर्ने अनुमति प्राप्त गरेको भनी मान्न नमिल्ने ।

नेपाल सरकारद्वारा गठित माथि उल्लिखित तीन सदस्यीय छानबीन समितिको प्रतिवेदनमा निवेदक कम्पनीले गैरकानूनी रुपमा बैकिङ्ग कारोवार सञ्चालन गरेको, गैरकानूनी रुपले बीमा व्यवसाय सञ्चालन गरेको, फिना वर्ल्ड नेपाल वहुउद्देश्यीय सहकारी संस्था

खोली गैरकानूनी कारोवार गरेको, इजाजत नलिई विदेशी विनिमय कारोवार गरेको भन्ने समेत उल्लेख गरी कारोवार गर्न कम्पनीलाई रोक लगाउन सिफारिश समेत गरेको अवस्था विद्यमान देखिंदा यस प्रकारको गैरकानूनी रुपमा सर्वसाधारण ठगिने वा झुक्किने वा निजहरूको हितविपरीत हुने काम भए गरेको भन्ने प्रष्ट हुँदा, त्यस्तो विषयमा नेपाल सरकारले छानबीन गरेको कारणले निवेदक कम्पनीको व्यवसाय गर्ने अधिकारमाथि आघात भयो भनी मान्न नमिल्ने ।

कम्पनीको नाममा भए गरेको कारोवारहरू सदाशयता साथ कम्पनीको मूल उद्देश्यअनुरूप प्रचलित कानूनको दायराभित्र रही सञ्चालन गरिएको अवस्थामा मात्र यी दुवै सिद्धान्तको फाइदा प्राप्त हुन्छ । उपरोक्त प्रकरणहरूमा उल्लेख भएअनुसार कम्पनीको स्वतन्त्र अस्तित्व र सीमित दायित्वको सिद्धान्त व्यावसायिक सुगमताको लागि दिइएको सुविधा हो र यो सुविधा प्रचलित कानूनअनुरूप कम्पनीको पूर्व निर्धारित उद्देश्यअनुरूप भए गरेका वा सञ्चालन भएका कारोवारहरूको सम्बन्धमा मात्र प्राप्त हुन्छ । कम्पनी ऐन, २०६३ को दफा ७ र ८ ले पनि उक्त ऐनअनुसार दर्ता भएका कम्पनीहरू यसका संस्थापक, सञ्चालक तथा शेयरधनीहरूलाई स्वतन्त्र अस्तित्व र सीमित दायित्व दुवैको सुविधा प्रदान गरेको छ । तर यी सुविधा निरपेक्ष सुविधा होइनन् । कतिपय अवस्थामा कम्पनी कानूनअनुसार दर्ता भएका कम्पनी, यसका सञ्चालक, संस्थापक, कर्मचारी वा शेयरधनीलाई सो सुविधा प्राप्त हुँदैन । केही खास अवस्थामा कम्पनीको स्वतन्त्र मान्यता वा आवरणलाई मान्यता नदिई कम्पनीको लागि भए गरिएको भनिएको कारोवारमा प्रत्यक्ष रुपमा संलग्न व्यक्तिहरू को थिए भन्ने कुरा हेरिन्छ । यही अवस्थालाई कम्पनीको आवरण (Corporate Veil) हटाएको मानिन्छ । मूल रुपमा निम्न अवस्था प्रमाणित भएमा कम्पनीको आवरण हटाई गैरकानूनी वा अनियमित काममा संलग्न देखिएका कम्पनीका संस्थापक, सञ्चालक, कर्मचारी वा कम्पनीको तर्फबाट काम गर्ने भनिएका अन्य व्यक्तिहरूलाई व्यक्तिगत रुपमा जिम्मेवार बनाइने ।

कम्पनीको नाममा गैरकानूनी कारोवार सञ्चालन गरेको देखिएमा निवेदक कम्पनीका संस्थापक, सञ्चालक, कर्मचारी तथा यसको प्रतिनिधि मानिएको कुनै पनि व्यक्तिउपर प्रचलित नेपाल कानूनअनुसार अधिकारप्राप्त निकायले आवश्यक कानूनी कारवाही गर्नसक्ने नै देखिँदा कम्पनीको नाममा काम गरेको भन्ने आधारमा निजहरूले उन्मुक्ति पाउने अवस्था नदेखिने ।

भौतिक अस्तित्व नहुने हुँदा यो अमूर्त हुन्छ । सम्बन्धित देशको कानूनअनुसार दर्ता भएपछि यस्तो देशको कानूनले यस्तो काल्पनिक व्यक्तिको जन्म वा सिर्जना वा स्थापना भएको भनी कानूनी मान्यता प्रदान गर्दछ । कम्पनीको भौतिक अस्तित्व नभई अमूर्त हुने हुदा यसलाई कैद गर्न पनि सकिदैन । कैद गर्न सक्ने वा गरिने कुनै स्वरुप वा भौतिक अस्तित्व पनि हुदैन । अमूर्त अस्तित्व हुने हुँदा यसको आफ्नै स्वतन्त्र मन, मस्तिस्क वा सोच्न सक्ने दिमाग पनि हुँदैन र यसको कुनै आत्मा नभएको हुनाले यसले आत्मदाह गर्ने अवस्था पनि हुदैन । यसको कुनै मन, मस्तिष्क वा दिमाग नहुने हुँदा यसले कुनै फौजदारी अपराधिक मनसाय (Mens Rea) पनि राख्न वा बोक्न सक्दैन । यसैले यसको सञ्चालनको लागि मानव मस्तिस्कको प्रयोग हुन्छ । यही मानव मस्तिष्क भएका यसका विभिन्न अंगहरू मार्फत यसले काम गर्दछ । यसका संस्थापक वा शेयरधनीहरूको मन मस्तिष्कवाट सञ्चालन हुने साधारण सभा, सञ्चालक समिति, प्रवन्ध सञ्चालक वा प्रवन्धक जस्ता अंग वा पद वा समितिमार्फत् नै कम्पनीको कारोवार सञ्चालन हुने हुँदा सामान्यतया मानसिक तत्वको विद्यमानता हुनै पर्ने कुनै फौजदारी अपराधमा कम्पनीलाई सजाय गर्ने अवस्था हुँदैन । यसको अतिरिक्त कुनै ऐनमा नै कम्पनीको तर्फबाट काम गर्ने सञ्चालक, कर्मचारी वा व्यक्ति नै व्यक्तिगत रुपमा सजायका भागी हुने भन्ने स्पष्ट व्यवस्था गरिएको अवस्थामा यस्तो कसूरमा यस्तो कम्पनीको नाममा काम गर्ने सञ्चालक, कर्मचारी वा व्यक्तिउपर कारवाही चलाउन नपाइने भन्ने प्रश्न नै नहुने ।

कम्पनीको कारोवार सञ्चालन गर्ने प्रक्रियामा सिर्जना भएको देवानी दायित्वबाट कम्पनी उम्कन सक्तैन । यसको नाममा भए गरेका कुनै काम वा कारवाहीबाट कुनै व्यक्तिको सम्पत्ति नोक्सान भएमा वा कसैको ज्यान गएमा यसबाट पीडित पक्षहरूलाई क्षतिपूर्ति वा उपयुक्त राहत दिने कर्तव्य कम्पनीको हुन्छ र यस्तो अवस्थामा कम्पनीको अमूर्त अस्तित्व वा मनसायरहित अवस्थाको दावी वा जिकीर कम्पनीले लिन सक्तैन । कम्पनीको

तर्फबाट काम गर्ने सञ्चालक, कर्मचारी वा अन्य व्यक्तिको हेलचेक्र्याइको कारणले यस्तो क्षति भएको वा निजलाई यस्तो अधिकार कम्पनीले दिएको थिएन भन्ने प्राविधिक आधार र कारण देखाई उक्त क्षतिपूर्ति वा राहत दिने दिलाउने दायित्वबाट कम्पनी उम्कन सक्दैन । यसको लागि कम्पनीको कोष तथा सम्पत्ति प्रयोग गरी आवश्यक भुक्तानी हुन सक्दछ । यो देवानी दायित्वको विषय अर्को कुरा हो तर प्रचलित कानूनले नै कुनै निरपेक्ष फौजदारी दायित्वको परिकल्पना (Strict Liablity offence) गरेको भएमा यस्तो अपराधमा कम्पनीको संलग्नता देखिएमा सो अनुसार जरीवानासम्म हुने कुरा हो । तर कम्पनीको भौतिक अस्तित्व नहुने हुँदा यस्तो अमूर्त तथा अभौतिक व्यक्तिलाई कैदको सजाय हुन नसक्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल चैत्र १५ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६७ सालको रिट नं. ०६६-WO–११२९, उत्प्रेषणयुक्त परमादेश, *रोवियन इन्टरनेशनल प्रा.लि.का.न.पा. वडा नं. ९ सिनामङ्गलका अख्तियारप्राप्त सञ्चालक निर्देशक कुमार तामाङ समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*
- २०६४ सालको ०६४-WO-०१५१, उत्प्रेषण परमादेश, *दीपक थापा वि. जिल्ला प्रशासन कार्यालय, कास्की*
- ०६४-WO-०३०९, उत्प्रेषणमिश्रित परमादेश, *भीमसेन गुरुङ वि. गृह मन्त्रालय समेत*
- ०६४-WO-०३१०, उत्प्रेषणमिश्रित परमादेश, *भीमसेन गुरुङ वि. गृह मन्त्रालय समेत*
- ०६४-WO-०३११, उत्प्रेषणयुक्त परमादेश, *जानकीप्रसाद शर्मा वि. गृह मन्त्रालय समेत*
- २०६४ सालको ०६४-WO-०३२५, उत्प्रेषणमिश्रित परमादेश, *सोनाम ग्यूर्मि शेर्पा वि. गृह मन्त्रालय*
- रि.नं. ०६४-WO-०३२६, उत्प्रेषणमिश्रित परमादेश, *सोनाम ग्यूर्मि शेर्पा वि. गृह मन्त्रालय समेत*
- २०६४ सालको ०६४-WO-०३२७, उत्प्रेषणमिश्रित परमादेश, *अरुणकुमार कर्ण वि. गृह मन्त्रालय समेत*
- २०६४ सालको ०६४-WO-०३२८, उत्प्रेषणमिश्रित परमादेश, *अरुणकुमार कर्ण वि. गृह मन्त्रालय समेत*
- २०६४ सालको ०६४-WO-०३२९, उत्प्रेषणमिश्रित परमादेश, *सुशीलकुमार ब्याञ्जू वि. गृह मन्त्रालय स*
- रिट नं. ०६४-WO-०३३०, उत्प्रेषणमिश्रित परमादेश, *सुशीलकुमार ब्याञ्जु वि. गृह मन्त्रालय समेत*
- रिट नं. ०६४-WO-०३५०, उत्प्रेषण/परमादेश समेत, *दयाराम अधिकारी वि. जिल्ला प्रशासन कार्यालय, कास्की*
- २०६६ सालको रिट निवेदन नं.०६६-WO-१०७४, उत्प्रेषण समेत, *शिवबहादुर भुजेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-११३८, उत्प्रेषणयुक्त परमादेश, समेत, *तीलकराम भुसाल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं. ०६६-WO-११८३, उत्प्रेषणमिश्रित परमादेश, *भीमसेन गुरुङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-११८४, उत्प्रेषणमिश्रित परमादेश, *सोनाम ग्यूर्मि शेर्पा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-११८५, उत्प्रेषणमिश्रित परमादेश, *अनीता तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-११८७, उत्प्रेषणमिश्रित परमादेश, *अरुणकुमार कर्ण वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-११८८, उत्प्रेषणमिश्रित परमादेश, *जानकीप्रसाद शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-१२०८, उत्प्रेषण, परमादेश प्रतिषेध, *आसपानी गुरुङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७ सालको रिट निवेदन नं.०६६-WO-१२६३, उत्प्रेषण, परमादेश प्रतिषेध, *दिलमाया जियार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-०२८४, कर्तव्य ज्यान, *गोविन्द भन्ने गौरव राई वि. नेपाल सरकार*

एउटै सियोले टाटु हान्ने काम गरेकोमा मृतक राजन टकुरीले घटना घटेको ५-६ दिन अघि मात्र भने पछि ब्लड चेक गराउँदा HIV भएको कुरा जानकारी भएकोले रू. २५।- मा तरकारी काट्ने चक्कु किनी मिति २०६५।२।२९ गते राति १२ बजेतिर निज मृतक खाना खाई विस्तरामा सुतेको अवस्थामा उक्त चक्कुले मृतक राजन ठकुरीको छाती, पेट, ढाडमा प्रहार गरी हत्या गरेको कुरालाई शुरू काठमाडौं जिल्ला अदालतको बयानमा लेखाई दिएको देखिनाले निजको सो आपराधिक कार्य तत्कालको आवेशको परिणाम हो भन्न र मान्न नमिल्ने हुँदा प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको परिभाषित कसूरअन्तर्गत पर्ने देखिन आएकोले निजलाई सोही महलको १३(१) नं. बमोजिमको परिभाषित कसूरअन्तर्गत पर्ने देखिन आएकोले निजलाई सोही महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

वारदातको प्रकृति, घटनाको पृष्ठभूमि तथा प्रतिवादीले मृतक राजन ठकुरीको हत्या गरिसकेपछि आफैं स्वयं तत्कालै घटनास्थलबाट प्रहरी चौकी गई आत्मसमर्पण गरेको स्थिति समेतलाई दृष्टिगत गरी निज प्रतिवादी गोविन्द भन्ने गौरव राईलाई ठहरेबमोजिम सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने भनी निजलाई १० वर्ष कैद सजाय हुने गरी उक्त फैसलामा व्यक्त गरिएको राय समेत मनासिब नै देखिने।

प्रतिवादी गोविन्द भन्ने गौरव राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई अ.बं. १८८ नं. अनुसार निज प्रतिवादीलाई १० वर्ष कैद गर्न उपयुक्त हुने भनी राय व्यक्त गरेको शुरू काठमाडौं जिल्ला अदालतको फैसला रायसहित सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।२३ को फैसला र राय समेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-०२८५, ०३२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रावडीदेवी कहार समेत, जीतप्रसाद कहार वि. नेपाल सरकार*

अनुसन्धान अधिकारीसमक्षको बयानमा वारदातमा आफ्नो संलग्नता स्वीकार गर्ने प्रतिवादी जीतबहादुरले अदालतसमक्ष आई फरार प्रतिवादी सिंहबहादुर र मृतकबीच झगडा भएको भनी लेखाएको भएता पनि अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई अन्यथा भन्न मिल्ने कुनै आधार कारण प्रतिवादीले दिन सकेको पाइदैन। प्रतिवादीहरूले गरेको अनुसन्धान अधिकारीसमक्षको बयान कागज तथा अन्य परिस्थितिजन्य प्रमाणको आधारमा प्रतिवादी जीतप्रसाद कहार समेतले मृतक रमेश कहारलाई कुटपीट कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको भन्ने पुष्टि हुन आएको अवस्था हुँदा निजलाई ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसूरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई प्रतिवादीको पुनरावेदन जिकीरको भरमा मात्र अन्यथा भन्न र मान्न मिलेन। निजको हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय हुने गरी भएको शुरूको फैसला केही त्रुटि गरी निजलाई अभियोग दावीबमोजिम कसूरदार ठहऱ्याई सजाय गरेको पुनरावेदन अदालतको इन्साफ न्यायसंगत नै देखिने।

ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसूर हुनको लागि ज्यान मार्ने मतसल्लाहमा पसेका मतलवी हुनुपर्ने कानूनी व्यवस्था रहेकोमा वादी पक्षले निज प्रतिवादीहरू यो यस किसिमले मृतक रमेश कहारलाई मार्ने मत सल्लाहमा पसेका हुन् भनी शंकारहित तवरबाट प्रमाणित गने सकेको नदेखिएको र अन्य परिस्थितिजन्य प्रमाण तथा घटना विवरणबाट पनि यी प्रतिवादीहरू दोषी नै हुन् भनी किटान गर्न सकिने अवस्था नरहेकाले अनुमानको भरमा कसूरदार ठहर गर्न नमिल्ने हुँदा निज प्रतिवादीहरूलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धी पहलको १७(३) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी पक्षको पुनरावलोकन जिकीरसँग सहमत हुन सकिएन। निजहरूको हकमा सफाइ पाउने।

प्रतिवादी जीतप्रसाद कहारलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम कसूरदार ठहऱ्याई सजाय गरेको हदसम्म शुरू नवलपरासी जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उल्टी

गरी निज प्रतिवादी जीतप्रसाद कहारलाई ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैद हुने ठहऱ्याई अन्य प्रतिवादीहरू रावडीदेवी कहार, रञ्जना कहार र इसरावती कहारको हकमा शुरू फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-०९६३, उत्प्रेषण समेत, *सोल्टी होटल लिमिटेडको अधिकारप्राप्त सोका कार्यकारी अध्यक्ष भै आफ्ना हकमा समेत दिनेशबहादुर विष्ट वि. नगर विकास समिति, अनामनगर काठमाडौं समेत*

स्रेस्ताको मोही महलमा साविक फिल्डबुक स्रेस्ताका आधारमा "सोल्टी होटल जाने सडक" उल्लेख गरिदिई सो स्रेस्ता नेपाल सरकारको नाममा यथावत् कायम हुने ठहऱ्याई मिति २०६३।१२।२५ मा मालपोत कार्यालय, कलंकीबाट निर्णय गरेको देखिएको हुँदा सोल्टी होटलको भोगचलन सुरक्षा आदि कुरालाई दृष्टिगत गर्दा निवेदक बाहेकले उक्त जग्गालाई सार्वजनिक रूपमा प्रयोग गर्न सक्ने अवस्था नदेखिँदा स्वामित्व नेपाल सरकारको देखिए तापनि एकलौटी भोगाधिकार एवं सुरक्षा समेतका दृष्टिकोणबाट सोल्टी होटलको भोगाधिकार कायम रहने गरी सो व्यहोरा उल्लेख गरेकोबाट समेत उक्त जग्गाको भोगाधिकार एकलौटी रूपमा सोल्टी होटल लि. को नै हुने ।

कानूनबमोजिम निवेदकको भोगाधिकार भएको जग्गालाई विपक्षीहरूबाट सार्वजनिक बाटो भनी गरिएको निर्णयबाट निवेदकको कानूनबमोजिम प्राप्त हक अधिकारको उपभोगमा असर पर्ने अवस्था देखिँदा निवेदकको एकलौटी हक भोगमा रहेको उक्त जग्गालाई आधार प्रमाण बिना सार्वजनिक बाटो कायम गरी नक्सा पारीत गरेको हदसम्म काठमाडौं महानगरपालिकाको मिति २०६०।१०।२९ को निर्णय र काठमाडौं उपत्यका नगर विकास समिति र काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको मिति २०६२।३।६ को सार्वजनिक बाटो कायम गरी Planning Permit दिएको सो हदसम्मको उक्त दुबै निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल माघ १५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WH-००७५, बन्दीप्रत्यक्षीकरण, *सञ्जीव लामा वि. कारागार कार्यालय, डिल्लीबजार समेत*

अलग-अलग जाहेरी दरखास्त, अलग-अलग मुद्दा र अलग-अलग वारदात रहेको अवस्थामा त्यस्ता मुद्दाको कारवाही तथा सजाय समेत अलग-अलग हुन्छ । त्यस्ता भिन्नाभिन्नै वारदात भएका मुद्दाहरूमा भएको भिन्नभिन्नै सजायलाई एउटै मुद्दामा गाभ्ने कानूनी व्यवस्था नभएको र निवेदकले निवेदनमा त्यस्तो आधारहरू खुलाउन सकेको देखिँदैन । निवेदकले मुलुकी ऐन, दण्डसजायको महलको ४१ नं. को कानूनी व्यवस्था निवेदनमा उल्लेख गरेको भए पनि उक्त कानूनी व्यवस्था एउटै वारदातका सम्बन्धमा मात्र लागू हुने ।

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता (Personal Liberty) अपहरण नहुने कुराको प्रत्यभूति नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२) ले गरेको छ । साथै मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights), १९४८ को धारा ३ तथा नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध (International Convenant on Civil and Political Right), १९६६ को धारा ९ लगायतका अन्तर्राष्ट्रिय सन्धि महासन्धिका दस्तावेजहरूले समेत व्यक्तिको वैयक्तिक स्वतन्त्रताको प्रत्याभूत गरेको पाइन्छ । यस्तै नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ र ८८(२) ले व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने गरी कानूनविपरीत कसैलाई थुनामा राखिएमा त्यस्तो गैरकानूनी थुनाका सम्बन्धमा यस अदालतमा निवेदन दिन सकिने संवैधानिक उपचार (Constitutional Remedy) को व्यवस्था सुनिश्चित गरेको छ । वास्तवमा वन्दीप्रत्यक्षीकरणको मूल मर्म नै कुनै पनि व्यक्तिलाई गैरकानूनी रूपमा थुनामा बद्नियत राखी प्रवृत्त

भावनाकासाथ थुनामा राखिएमा त्यस्तो थुनाको वैधताको परीक्षण (Legality Test) गर्नु हो ।

बेग्लाबेग्लै वारदात भई चलेका बेग्लाबेग्लै मुद्दामा अघिल्लो मुद्दामा पुर्पक्षका लागि थुनामा बसेको अवधिलाई पछिल्लो मुद्दामा लागेको कैद, जरीवाना असूल गर्ने प्रयोजनको लागि गणना गर्न मिल्ने कानूनी व्यवस्था रहेको नदेखिने ।

निवेदक कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतमा मिति २०६७।१०।५ मा उपस्थित भई बयान गरको देखिँदा सोही मितिदेखि मात्र उक्त कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा निजको उपस्थिति रहेको मान्नुपर्ने हुन्छ । म्याद थपको क्रममा वा अभियोग पत्रसाथ पेश गरिएको अवस्थामा बाहेक अन्य अवस्थामा प्रतिवादी अदालतमा उपस्थित भई बयान गरेपछि मात्र निजउपर लागेको मुद्दामा निजको उपस्थिति रहेको मान्नुपर्ने ।

हाल थुनामा बसिरहेको कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दा र ज्यान मार्ने उद्योग तथा हातहतियार खरखजाना मुद्दा बेग्लाबेग्लै वारदातका भएको र बेग्लाबेग्लै वारदात भई चलेका बेग्लाबेग्लै मुद्दामा अघिल्लो मुद्दामा पुर्पक्षका लागि थुनामा बसेको अवधिलाई पछिल्लो मुद्दामा लागेको कैद असूल गर्ने प्रयोजनको लागि गणना गर्न कानूनतः नमिल्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल जेठ ८ गते रोज २ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-१०१५, उत्प्रेषण परमादेश, *अवधनारायण शाह वि. निजामती किताबखाना समेत*

यी निवेदकले २०३४।३।१ मा निजामती सेवामा प्रवेश गरी सोही वर्ष भरेको एकपाने वैयक्तिक विवरणमा निजको उमेर २०३४ सालमा २४ वर्ष भनी निज स्वयम्ले उल्लेख गरेको तथा मिति २०४७।१०।१५ भरेको वैयक्तिक विवरण (सिटरोल) को पुछारमा उक्त पुरानो सिटरोलअनुसार जन्ममिति २०१०।२।२१ कायम गरिएको उल्लेख भैरहेको अवस्थामा सोही जन्ममितिका आधारमा हुन आउने उमेरबाट नै निवेदकले पहिले अवकाश पाउने देखिन आएबाट सिटरोलअनुसार प्रमाणित जन्ममिति २०१०।२।१ लाई नै दफा ३३ को उपदफा ३ को प्रयोजनको लागि आधार लिएको निजामती किताबखानाको च.नं. १८५७, १८१११, मिति २०६७।१२।०८ गतेको पत्रलाई अन्यथा र कानूनविपरीत रहेको भन्न नमिल्ने ।

निजामती कर्मचारीको उमेर गणना गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ३३ को प्रयोजनका लागि वैयक्तिक विवरण (सिटरोल) नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा जन्ममिति वर्ष, महिना र गते समेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ, सोही मितिबाट अवकाश दिइनेछ भन्ने प्रावधान रहेअनुसार रिट निवेदकको वैयक्तिक विवरण उल्लेख भएको जन्ममितिको आधारमा अनिवार्य अवकाश हुने जानकारी दिइएको देखिन आएको र सोअनुसार मिति २०६८।२।१ देखि निवेदकले अवकाश समेत पाइसकेको हुँदा निवेदकले उमेरको हदबाट अवकाश पाउने मिति सुनिश्चित गरी जानकारी पत्र पठाएको र सोअनुरूप निवेदकलाई दिइएको अनिवार्य अवकाश समेत विद्यमान कानूनी व्यवस्थाका आधारमा भए गरेको देखिने ।

निवेदकले भरेको सिटरोल तथा पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र तथा नागरिकतामा उल्लिखित उमेरमध्ये सिटरोलमा उल्लिखित जन्ममिति निजको वास्तविक जन्म मितिको नभए वा सोको आधारमा अवकाश हुनु नपर्ने भए समयमै तत्सम्बन्धमा कारवाही चलाई सो व्यहोरा संशोधन गराउन स्वाभाविक हुनेमा निवेदकले समयमै कुनै कारवाही चलाई उक्त जन्म मितिलाई अन्यथा कायम गराउन सकेको पाइँदैन । अर्कोतर्फ प्रस्तुत निवेदनमार्फत् यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गर्दा निवेदकले दाखिल गरेको सिटरोलको प्रतिलिपिमा निजामती किताबखानाले प्रयोग गर्ने भनी फाराममा छुट्याइएको महलमा कैफियत जनिएको ठाउँमा सेतो (खाली राखी) निकालिएको प्रतिलिपि पेश गरेको देखिन आई सक्कल वैयक्तिक विवरण पुछारमा "पुरानो सिटरोलअनुसार जन्ममिति २०१०।२।१ कायम गरिएको छ" भनी उल्लेख भएको व्यहोरा प्रतिलिपि पेश गर्दा लोप गरी अदालतलाई नै गुमराहमा पार्ने गरी सफा र शुद्ध हात नलिई अदालतमा प्रवेश गरेको अवस्था भएबाट रिट

निवेदकलाई तत्काल प्रचलित कानूनी व्यवस्थाअनुरूप अनिवार्य अवकाश दिइएको देखिएकोले यसमा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ माघ १७ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०५८४, भ्रष्टाचार, *नेपाल सरकार वि. बासुदेव पौडेल समेत*

मालपोत ऐनको दफा ३१ मा दफा ७ समेत बमोजिमको निर्णयमा पुनरावेदन अदालतमा पुनरावेदन गर्न सकिने स्पष्ट व्यवस्था रहेको देखिन्छ । यसका अतिरिक्त सार्वजनिक जग्गा कसैका नाममा दर्ता भएकोमा सोही ऐनको दफा २४(२) को कानूनी व्यवस्थाले त्यस्तो दर्ता स्वतः बदर हुने र सो को दर्ता लगत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले बदर गर्न सक्ने अवस्था पनि देखिन्छ । यस्तो अवस्थामा आफ्नो पदीय जिम्मेवारी बहन गर्ने सिलसिलाको प्रक्रियागत कार्यमा भएको संलग्नता तथा प्रमाणको मूल्याङ्कन गरी गरिएको निर्णयमा प्रमाणको मूल्याङ्कन अन्यथा भयो भन्ने वादी दावी निरपेक्ष रूपमा भ्रष्टाचारको विषय हुन सक्ने देखिँदैन । सोका लागि अनुचित कार्य गरेको पुष्टि हुने वस्तुनिष्ट आधार र प्रमाणको विद्यमानता हुन जरूरी हुने ।

फौजदारी कानूनको सर्वमान्य सिद्धान्तबमोजिम भ्रष्टाचार जस्तो गम्भीर अपराध स्थापित गर्न बद्नियतसाथ काम गरेको भन्ने तथ्य शंकारहित तवरबाट पुष्टि हुनु पर्दछ । आफ्नो पदीय जिम्मेवारी बहन गर्ने सिलसिलामा आवश्यक प्रक्रियागत कार्यमा संलग्न भएको तथा प्रमाणको मूल्याङ्कन गरी गरिएको निजलाई अनुमानका भरमा बद्नियतसाथ काम गरेको भन्न न्यायसंगत् नदेखिने ।

अनुचित कार्य भएको कुरा वस्तुनिष्ठ तवरबाट स्थापित हुनु पर्दछ । मात्र कानूनमा प्रयुक्त भएका शब्दहरू कसैको विरूद्ध मण्डित गरी अपराधीको संज्ञा दिन मिल्दैन । वस्तुनिष्ट रूपमा सो कुरा स्थापित हुनु पर्दछ, जसको प्रस्तुत मुद्दामा अभियोजन पक्षले कर्तव्य निर्वहन गर्न सकेको नपाइँदा विवादित कि.नं. ३६ को जग्गा दर्ता गर्ने कार्यमा संलग्न र सार्वजनिक पदधारण गरेको प्रतिवादीहरूको बद्नियत रहे भएको तथ्यको पुष्ट्याइ गर्ने ठोस आधार प्रमाण वादी पक्षले प्रस्तुत गर्न नसकेकोले प्रतिवादीहरू बासुदेव पौडेल, कीर्तिनाथ चालिसे, रामबहादुर हमाल, रामपलटप्रसाद चौधरी र लक्ष्मीप्रसाद ज्ञवालीले आरोपित कसूरबाट सफाइ पाउने तथा अन्य प्रतिवादीहरू रोहणभक्त अधिकारी, मदनभक्त अधिकारी, मोहनभक्त अधिकारी, कृष्णभक्त अधिकारी, सोहनभक्त अधिकारी र महेन्द्रभक्त अधिकारीको हकमा उल्लिखित कि.नं. ३६ को जग्गा निजहरूको नाममा दाखिल खारेज हुने नहुने सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयले नै कानूनबमोजिम निर्णय गर्ने हुँदा सो सम्बन्धमा केही बोलिरहनु परेन भनी विशेष अदालत, काठमाडौंबाट मिति २०६५।१०।२९ मा भएको फैसला न्यायसंगत् नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः डिल्लीरत्न श्रेष्ठ
इति संवत् २०६९ साल जेठ २ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०३४०, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, *भौना थारू समेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले आरोपित कसूरप्रति इन्कार रही अदालतसमक्ष बयान गरेको देखिए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६३।५।२९ गते राति धर्मराज शर्माको घरमा डाँका चोरी गरेका थियौं, सो डाँका चोरी गरको पोल खुल्छ, पक्राउ परिन्छ भन्ने डरले हामीहरू पाँचै जना मिली सल्लाह गरी भिन्सु भन्ने भुसलिया थारूलाई धारिलो हतियार खुकुरी समेतले काटी कर्तव्य गरी मारेका हौं भनी आरोपित कसूरमा सावित रही बयान गरेको देखिन्छ । प्रतिवादीहरूको घरबाट वारदातमा प्रयोग भएको खुर्पा, खुकुरी, बञ्चरो जस्तो धारिलो हतियार

बरामद भएको बरामदी मुचुल्काबाट देखिएको र बरामदी हतियारलाई आफ्नो घरबाट बरामद भएको भनी प्रतिवादीहरूले सनाखत समेत गरेको देखिने।

प्रतिवादीहरूउपरको किटानी जाहेरी र प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयानलाई समर्थित हुने गरी अदालतमा बकपत्र गरिदिएको र Central Forensic Science Laboratory को मिति २०६३।१०।१९ को परीक्षण प्रतिवेदनबाट घटनास्थलमा फेला परेको रगत जस्तो रातो पदार्थ र प्रतिवादीहरूको घरबाट बरामद भएका धारिलो हतियारहरूमा लागेको रगत परीक्षण हुँदा Exhibit nos.1, 2, 3, 4, 5 and 6 were stained by human blood भनी उल्लेख भएको देखिएबाट यी प्रतिवादीहरूको अदालतसमक्ष भएको इन्कारी बयान विश्वसनीय नदेखिँदा प्रतिवादीहरू भौना थारू, बोटुवा थारू, टीकाराम थारू, मोतिलाल थारू र सुन्दरलाल थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०६९ साल बैशाख २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०३४१, डाँका चोरी, *भौना थारू समेत वि. नेपाल सरकार*

जाहेरवाला धर्मराज शर्माले प्रतिवादीमध्येका भौना थारू राहत रकम बुझ्दा सँगै भएको, निज आफैं पनि रू. १,२००।- रूपैयाँ बुझ्ने व्यक्ति भएको र जाहेरवालाले राहतको रू. १५,०००।- रूपैया बुझेको देखेको हुँदा निजकै नेतृत्वमा डाँका चोरी गरी आफ्नो घरबाट रकम लगेको भनी जाहेरीमा उल्लेख गरेको भए तापनि भौना थारू समेतले जाहेरवालाको नाम सोधेको र घर देखाउन लगाएको भनी भन्ने व्यक्ति भुसलिया थारूबाट डाँका गर्नेमध्येको भौना थारू पनि थिए भनी थाहा पाएका कुरा समेत जाहेरीमा उल्लेख भएको देखिन्छ। यदि राहत रकम बुझ्दा जाहेरवाला र प्रतिवादीमध्येका भौना थारू परिचित थिए भने तेस्रो व्यक्तिबाट भौना थारूलाई चिन्नुपर्ने कारण उत्पन्न हुनु नपर्ने थियो। यिनै भौना थारू समेतका प्रतिवादीहरूका प्रतिवादीहरूले डाँका चोरी गरेको भनी शुरूमै किटानी जाहेरी गर्नुपर्नेमा सो गरेको नपाइएबाट प्रतिवादीहरूले जाहेरवालाको घरबाट रू. १५,०००।- डाँका चोरी गरेको कुरा शंकारहित तवरबाट पुष्टि हुन आएको नदेखिँदा केवल शंका र अनुमानको भरमा डाँका चोरी जस्तो गम्भीर अपराधमा यी प्रतिवादीहरूलाई दोषी मानी अभियोग माग दावीअनुरूपको आपराधिक दायित्व बहन गराउनु फौजदारी न्यायको सिद्धान्त समेतको विपरीत हुने हुँदा प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने ठहऱ्याएको शुरू बर्दिया जिल्ला अदालतको मिति २०६४।३।५ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।२।३ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०६९ साल बैशाख २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०७५५, ००५२, ०२४८, ००६७, कर्तव्य ज्यान, *राजकुमार श्रेष्ठ वि. नेपाल सरकार, भोजकुमार लामा वि. नेपाल सरकार, राजु लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. नवीन श्रेष्ठ समेत*

ज्यानसम्बन्धी महलको १३(४) मा भएको कानूनी व्यवस्थामा "ज्यान मार्नमा बचन दिनेलाई वा वारदात भैरहेको ठाउँमा गै मार्नलाई संयोग पारिदिना निमित्त मर्ने मानिसको ज्यूमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ" भन्ने उल्लेख छ। उक्त कानूनी व्यवस्थाअनुसार ज्यान मार्नमा बचन दिने व्यक्ति वारदातस्थलमा उपस्थित हुनु अनिवार्यता देखिँदैन। वारदातस्थलमा उपस्थित भई वा नभई दिइएको बचनबमोजिम नै वारदातले पूर्णता लिएको छ भने त्यस्तो अवस्थामा बचन दिने व्यक्ति ज्यानसम्बन्धीको १३(४) नं. ले व्यवस्था गरेको कानूनी दायराभित्र पर्न आउने हुन्छ र त्यस्तो व्यक्तिले आरोपित कसूरबाट उन्मुक्ति पाउन नसक्ने।

लास प्रकृति विवरण, लास जाँच प्रकृति मुचुल्का समेतको प्रमाण एवं प्रतिवादीहरूले शुरूमा कागज गरी लेखाएको साविती बयान समेतका

आधारमा राजकुमार श्रेष्ठले दिएको बचनबमोजिम प्रतिवादीहरू टीकाराम श्रेष्ठ, नवीन श्रेष्ठ, भोजकुमार लामा र राजु लामाले बच्चा धिरज अधिकारीलाई अपहरण गरी लगी घाँटी थिची कर्तव्य गरी मारी फालेको तथ्य शंकारहित तवरबाट पुष्टि हुने ।

मृतक धिरज अधिकारीलाई कर्तव्य गरी मार्नमा राजकुमार श्रेष्ठले बचन दिई प्रतिवादी भोजकुमार लामा, राजु लामा समेतको संलग्नतामा भएको हुँदा प्रतिवादी राजकुमार श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं बमोजिम जन्मकैदको सजाय तथा प्रतिवादी भोजकुमार लामा र राजु लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

साधकको रोहबाट आर.टि.भन्ने टीकाराम श्रेष्ठ र नवीन श्रेष्ठको हकमा विवेचित आधार प्रमाणबाट वारदातमा यी प्रतिवादीको संलग्नता देखिई निज प्रतिवादीहरूले धिरज अधिकारीलाई कर्तव्य गरी मारेको तथ्य स्थापित भैसकेको हुँदा निज प्रतिवादीहरू आ.टि. भन्ने टीकाराम श्रेष्ठ र नवीन श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल बैशाख २७ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-११८७, उत्प्रेषण/परमादेश, *छविलाल गोडिया वि. रामदेव अहिर समेत*

निवेदकले अंश मुद्दा र बाली बिगो मुद्दाबाट रोक्का गराएका निजका दाजु उक्त मुद्दाका प्रतिवादी चिन्नु गोडियाको नाममा दर्ता रहेका जग्गाहरू लेनदेन मुद्दाको फैसला कार्यान्वयन गर्ने सन्दर्भमा फुकुवा भएको देखिन्छ । यी निवेदकले बाली बिगो मुद्दाको फैसलाबमोजिम चिन्नु गोडियाबाट रू. ७८,५००।- भराई पाउने गरी फैसला भएको देखिन्छ। विपक्षी रामदेव अहिरको निवेदन मागबमोजिम फुकुवा भएका जग्गाहरू बाहेक पनि अन्य कित्ता जग्गाहरू चिन्नु गोडियाको रहे भएको देखिएको हुँदा यी निवेदकले आफूले बाली बिगो मुद्दाबाट भराई पाउने उक्त रकम चिन्नु गोडियाको बाँकी जग्गाहरूबाट असूलउपर गर्न सक्ने नै देखिन आयो । यसका अतिरिक्त दाजुभाइको बीचमा चलेको बाली बिगो मुद्दामा भएको फैसला कार्यान्वयन हुन सक्ने देखिएको अवस्थामा निजहरूको बीचमा चलेको अंश मुद्दा र बाली बिगो मुद्दामा जग्गा रोक्का भएको भन्ने आधारमा लेनदेन मुद्दामा तेस्रो पक्षले भराई पाउने ठहरेको फैसलाको कार्यान्वयनलाई बाधा पर्ने गरी जग्गा रोक्का राख्नु न्यायसंगत् देखिन नआउने ।

निवेदकले निजले दिएको बाली बिगो मुद्दाका प्रतिवादी चिन्नु गोडियाबाट उक्त मुद्दामा ठहर भएको निजले भराई पाउने रू ७८,५००।- निज चिन्नु गोडियाको अन्य सम्पत्तिबाट भराई लिन सक्ने देखिन्छ । उक्त बाली बिगो मुद्दाबाट भरी पाउने ठहरेको रकम चिन्नु गोडियाको अन्य सम्पत्तिबाट भरी पाउन सक्ने नै हुँदा लेनदेन मुद्दाको बिगोको भरीभराउको प्रयोजनको लागि कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।११।३० मा भएको लिलाम बढाबढको कार्यले यी निवेदकको साम्पत्तिक अधिकारमा असर परेको नदेखिएको हुँदा निवेदकको मागबमोजिम कपिलवस्तु जिल्ला अदालतको मिति २०६८।८।२ र पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।३० को आदेशलाई अन्यथा गर्नुपर्ने अवस्था देखिन आएन । कानूनको ठाडो उल्लंघन भएकै देखिएमा बाहेक फैसला कार्यान्वयनको प्रक्रियालाई अवरूद्ध गर्नु न्यायोचित नहुने ।

निवेदकले दाजु चिन्नु गोडियाको नाममा रहेका अन्य सम्पत्तिबाट लिन सक्ने स्थिति एकातिर छ भने लिलाम बदर समेतका मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको निवेदककै लेखाइबाट देखिन्छ । निवेदकको हक निजले बाली बिगो मुद्दाबाट जितिपाएको बिगो असूलउपरसम्म सीमित छ । अन्य सम्पत्तिबाट सो असूली हुन सक्ने जिल्ला अदालत समेतको अभिमत छ । लिलाम सम्पन्न नै भइसकेको स्थितिमा सो सम्पत्ति पूर्ववत् रोक्का राख्न सकिने स्थिति छैन । निवेदकको हक गैरकानूनी तवरले अपहरित भएको प्रमाणबाट पुष्टि भएमा कपिलवस्तु जिल्ला अदालतमा विचाराधीन लिलाम लिखत

बदर जालसाजी समेतका मुद्दाबाट निवेदकले इन्साफ पाउन सक्ने स्थिति छ । लिलाम भई नै सकेको सम्पत्ति रोक्का पूर्ववत् राखिदिनु भन्ने परमादेश जारी हुन लिलाम कायम रहेको स्थितिमा सम्भव नदेखिँदा विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाइरहनु पर्ने अवस्थाको विद्यमानता प्रथम दृष्टिमा नै देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल असार ४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-११८२, उत्प्रेषण/परमादेश, *हरिप्रसाद दुलाल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती कर्मचारीलाई सरूवा गर्ने अधिकारका सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा १८ मा व्यवस्था गरिएको पाइन्छ । यी निवेदकको सरूवा सोही दफाविपरीत भएको भन्ने निवेदकको जिकीर समेत रहेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) यस दफा विपरीत सरूवा गर्ने पदाधिकारीलाई अख्तियारवालाले विभागीय कारवाही गर्नेछ र त्यस्तो सरूवा सामान्य प्रशासन मन्त्रालयले रद्द गर्नेछ । सामान्य प्रशासन मन्त्रालयले गरेको सरूवा भए नेपाल सरकार, मन्त्रिपरिषद्ले रद्द गर्नेछ भन्ने व्यवस्था गरिएको पाइन्छ । यी निवेदकको सरूवा सामान्य प्रशासन मन्त्रालयबाट भएको भन्ने तथ्य रिट निवेदनसाथ पेश गरिएको उक्त मन्त्रालयको मिति २०६८।१२।१५ को सरूवा पत्रबाट देखिन आउँछ । यी निवेदकलाई उक्त सरूवा निर्णयमा चित्त नबुझी सो निर्णय प्रचलित कानूनविपरीत भई बदर गराउनु पर्ने भन्ने लागी कानूनी उपचारको मार्ग अवलम्बन गर्नुपर्ने भएमा निजले निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) बमोजिम सो सरूवा रद्द गर्ने अख्तियारी भएको नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष उजूरी गर्न सक्ने कानूनी उपचारको मार्ग उपलब्ध भएको अवस्था देखिन आउने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) भएको संवैधानिक व्यवस्थाअनुसार वैकल्पिक कानूनी उपचार उपलब्ध नभएमा वा उपलब्ध भए पनि प्रभावहीन भएमा मात्र यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्दछ । प्रस्तुत रिट निवेदनमा यी निवेदकले सामान्य प्रशासन मन्त्रालयले गरेको आफ्नो सरूवामा चित्त नबुझेपछि सो सरूवालाई बदर गराउन निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) ले प्रदान गरेको कानूनी उपचारको बाटो अवलम्बन गरेको भनी जिकीरसम्म लिन नसकेको अवस्था देखिने ।

निजामती सेवा ऐन, २०४९ को दफा १८ तथा सोको प्रयोगलाई व्यवस्थित बनाउने निजामती सेवा नियमावली, २०५० को नियम ३६ प्रतिकूल सरूवा भएको जिकीर लिनेले सर्वप्रथम निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) मा उल्लिखित वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्नु पर्दछ । सामान्य प्रशासन मन्त्रालय वा सामान्य प्रशासन मन्त्रालयले गरेको सरूवा भए नेपाल सरकार, मन्त्रिपरिषद्ले रद्द गर्ने भन्ने बाध्यात्मक कानूनी प्रावधानको उपेक्षा गरी सीधै यस अदालतमा प्रवेश गर्न मिल्ने देखिँदैन । निजामती सेवा ऐन, २०४९ को दफा १८ विपरीतको सरूवा परीक्षण गरी बदर गर्ने समेतको अख्तियारी राख्ने निकायले यथासमयमा निर्णय नदिई उपचार प्रभावहीन तुल्याएमा वा गैरकानूनी सरूवाबाट कानूनसंगत मानेमा सो निर्णय विरूद्ध मात्र यस अदालतमा प्रवेश गर्न सकिने हुँदा प्रस्तुत रिट निवेदनमा विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाइरहनुपर्ने अवस्थाको विद्यमानता प्रथम दृष्टिमा नै देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

## रायबाझी आदेश

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको रि.नं. ०६७-WO-०१६६, उत्प्रेषण समेत, *धनकुमारी गौचन वि. एभरेष्ट बैंक शाखा कार्यालय, बागलुङ्ग समेत*

**मा.न्या.श्री वैद्यनाथ उपाध्यायको रायः**

धेरै कित्ता वा सम्पत्तिहरू रहेको अवस्थामा सबै सम्पत्ति लिलाम नगरी कुनै एक सम्पत्ति मात्र लिलाम गर्दा पुग्ने रहेछ भने सोही मात्र लिलाम गर्नुपर्ने हुन्छ । तर यहाँ एक मात्र कि.नं. १८५९ को ज.रो. ०-४-३-२ र सोमा बनेको घर लिलाम प्रयोजनलाई आएको देखिन्छ। कुनै कि.नं. घरजग्गालाई कित्ताफोड गरी लिलाम बिक्री गर्ने व्यवस्था कानूनमा भएको देखिँदैन । एउटै कित्ता जग्गालाई कित्ताफोड गरी आधा मात्र लिलाम गर्नु पर्थ्यो भनी निवेदन परेकोमा उजिरसिंह राणा विरूद्ध पाल्पा जिल्ला अदालत समेत भएको मुद्दामा कित्ताफोड गरी लिलाम गर्नुपर्ने भन्न मिलेन भनी यसै अदालतबाट सिद्धान्त प्रतिपादन भएको पनि देखिन्छ । (*नेकाप* २०४२ पृष्ठ ८३८) । असूल हुनुपर्ने बिगोको ठ्याक्कै अङ्क मिलाई लिलाम गर्नुपर्ने होइन, अपितु लिलाम बिक्री गरी लेनदेनमा चुक्ता गरेपछि बढी उब्रिएको रकम ऋणीले नै पाउने भई फर्काउने व्यवस्था जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(९) ले गरेको देखिन्छ । यसप्रकार बिगो रकम भन्दा बढी मोल पर्ने घर जग्गा पनि लिलाम हुन सक्ने भयो, केवल बढी आएको रकम ऋणीलाई फर्काउनेसम्म हो। यहाँ जम्माजम्मी एउटै कि.नं. १८५९ को ज.रो. ०-४-३-२ को घर जग्गा देखिएको स्थितिमा कित्ताकाट नगरी लिलाम बढाबढ गर्नुलाई अन्यथा भन्न नमिल्ने ।

फैसला कार्यान्वयन गर्ने सिलसिलामा कानूनबमोजिम गरिएको कारवाहीमाथि प्रश्न उठाई दायर भएको रिट निवेदन दावी कानूनमा आधारित र औचित्यपूर्ण देखिन नआएकोले मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्कीको रायः**

"विपक्षीले भरी पाउने बिगोको परिणामले खामेसम्मको सम्पत्ति रोक्का राख्नु पर्नेमा सबै सम्पत्ति रोक्का राख्ने गरेकोसम्म मिलेको नदेखिने" (*नेकाप* २०५६, निर्णय नं. ६७८०, पृष्ठ ६५९) । "रोक्का रहेको जग्गामध्ये मालपोत र जरीवानाउपर गर्न आवश्यक परेको जग्गासम्म लिलाम बिक्री गर्नु पर्ने बाँकी मालपोत असूल गर्न के कति जग्गा लिलाम गर्नुपर्ने हो सो सम्बन्धमा विचार ठहर गरेर मात्र लिलाम गर्नुपर्नेमा सो भए गरेको नदेखिनाले यस्तो कामकारवाहीलाई कानूनसंगत भन्न नमिल्ने" ( *सर्वोच्च अदालत निर्णय संग्रह* भाग ९ पृष्ठ १५६) भनी सिद्धान्त प्रतिपादन भइसकेको देखिन्छ । यसरी प्रस्तुत रिट निवेदनमा समाहित प्रश्न र उक्त प्रतिपादित सिद्धान्तमा समाहित प्रश्नको सामिप्यता रहेको देखिँदा उक्त सिद्धान्तहरू यस रिट निवेदनमा समेत आकर्षित हुने नै देखियो । अतएवः रू. १६,६१,५८७।- को बिगोमा रू. ६९,२१,८५६।- मा सम्पूर्ण घरजग्गा लिलाम बिक्री गरी चुक्ता गर्नुपर्ने वास्तविक बिगो भन्दा तीन गुणा बढी रू. ५२,६०,२६९।- सहितको सम्पूर्ण घरजग्गा लिलाम गरेको कार्यलाई न्यायोचित भन्न नमिल्ने हुँदा वास्तविक बिगोले खामेसम्मको जग्गा मात्र लिलाम गर्नुपर्नेमा सोको विपरीत कि.नं. १८५९ को सम्पूर्ण घरजग्गा लिलाम गरेको वाग्लुङ्ग जिल्ला अदालत, तहसिल शाखाको मिति २०६७।२।२३ को लिलामी मुचुल्का र सोलाई सदर गरेको बाग्लुङ्ग जिल्ला अदालतको मिति २०६७।३।३ र पुनरावेदन अदालत, बाग्लुङ्गको मिति २०६७।४।२७ को आदेश समेत कानून विपरीतको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

मा.न्या. श्री वैद्यनाथ उपाध्यायज्यूको रायसँग मतैक्य हुन नसकेकोले सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम संयुक्त इजलासको दायरीको लगत कट्टा गरी पूर्ण इजलासमा पेश गर्नू । इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०६९ साल बैशाख १४ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६७-WO-०१३८, उत्प्रेषण समेत, *धनकुमारी गौचन वि. एभरेष्ट बैंक शाखा कार्यालय, बागलुङ्ग समेत*
- २०६७-WO-०१३९, उत्प्रेषण समेत, *धनकुमारी गौचन वि. एभरेष्ट बैंक शाखा कार्यालय, बागलुङ्ग समेत*

## पुनरावलोकन निस्सा

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको पु.नि.नं. ०६८-RV-००७३, सशर्त

हालको बकसपत्र बदर गरिपाऊँ, *गणेशप्रसाद दाहाल वि. गजेन्द्रकुमार भन्ने परशुराम दाहाल*

प्रतिवादी परशुराम दाहालले निवेदक वादी गणेशप्रसाद दाहाललाई पालन पोषण गर्ने शर्तनामा राखी मिति २०४२।११।२२ मा घुन्साफेदी घरबारी जग्गा चलन गर्ने गरी घरसारमा लिखत गरी दिएकोमा सोही जग्गा यी निवेदकले विपक्षी प्रतिवादी परशुराम दाहाललाई मिति २०४३।१।१८ मा हालैको बकसपत्र पारीत गरिदिइएको देखिन्छ । उक्त शर्तनामाबमोजिम निवेदकलाई विपक्षी प्रतिवादीले पालनपोषण नगरेको भन्ने देखिएको अवस्थामा वादी दावीको उल्लिखित मिति २०४३।१।१८ को हालैको बकसपत्र लिखत बदर नहुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।१।२५ मा भएको फैसला यस अदालतबाट नेकाप २०४५ नि.नं. ३४२६ मा कायम भएको कानूनी सिद्धान्तप्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल साउन ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** पुनरावलोक निवेदन नं. ०६८-RV-०१६४, परमादेश, *राजेशकुमार काफ्ले वि. न्यायपरिषद् सचिवालय*

निवेदकले एस.एल.सी. परीक्षा उत्तीर्ण गर्दा परीक्षा नियन्त्रण कार्यालयले दिएको उमेर खुलेको शैक्षिक प्रमाणपत्रमा उल्लिखित उमेर फरक परेको भनी भूलसुधारको लागि निवेदन दिई जिल्ला प्रशासन कार्यालय, रामेछापबाट मिति २०१७।१।१ को जन्ममितिलाई सच्याई जन्ममिति २०१८।८।२८ कायम गरिदिई शैक्षिक योग्यताको प्रमाणपत्रमा समेत सोबमोजिम सच्याई दिनको लागि परीक्षा नियन्त्रण कार्यालयमा निर्णयको प्रतिलिपि समेत पठाउने गरी मिति २०४७।६।७ मा निर्णय भएको र सो निर्णयको आधारमा निजामती किताबखाना र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी समेतले जन्ममिति सच्याई सकेको भनी सो बमोजिम अभिलेख मिलाई पाउन निवेदकले २०५८।१०।२९ मा नै न्यायपरिषद्समक्ष निवेदन दिएको भन्ने देखिन्छ । सो बमोजिम उमेर कायम गरी दिनुपर्ने, नपर्ने सम्बन्धमा कानूनबमोजिम छिटो छरितो टुङ्गो लगाई दिनुपर्नेमा वर्षौंसम्म अनिर्णित राखेको कारणबाट प्रस्तुत निवेदन पर्न आएको देखिन्छ । सो अनुसार कानूनबमोजिम जो चाहिने निर्णय गरी दिन आदेश हुनु पर्नेमा सो बमोजिम नगरी मुद्दाको औचित्यमा प्रवेश गरेको र सो रोहमा विचार गर्दा पनि निवेदकले कानूनबमोजिम प्रक्रिया अवलम्बन गरी निजको जन्ममिति नागरिकताको प्रमाणपत्रमा समेत सच्याउने गरी २०४७ सालमा नै निर्णय भई उक्त संशोधित जन्ममिति निर्विवाद रूपमा कायम भैसकेको अवस्थामा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मिति २०१७।१।१ को जन्ममितिलाई मात्र आधार लिई भएको यस अदालतको संयुक्त इजलासको मिति २०६८।५।१८।१ को निर्णय संवत् २०६४ सालको रिट नं. ०४५८, निवेदक शिवराज उपाध्याय पौडेल विरूद्ध सामान्य प्रशासन मन्त्रालय समेत भएको उत्प्रेषण मुद्दामा यस अदालतबाट मिति २०६५।८।१७ मा भएको निर्णयमा प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल देखिन आई उपरोक्त मिति २०६८।५।१८ को निर्णयमा उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७ को नियम ७ समेतको त्रुटि विद्यमान भएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) को अवस्था विद्यमान भएकोले पुनरावलोकन गर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल साउन ९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-RV-०१९९, हक कायम दर्ता नामसारी समेत, *कृष्णमान सिँह वि. प्रकाशमान सिँह समेत*

विवादित सम्पत्तिमा वादी दावी पुग्ने हो, होइन भनी ठहर इन्साफ गर्नु पर्नेमा २०२१ सालमा नै भिन्न भैसकेका यी वादी प्रतिवादीबीच पुनः अबण्डा जग्गा बण्डा गर्ने जस्तो गरी वादी दावी भन्दा बाहिर गई दावीको घर जग्गामध्येबाट ३ भागको १ भागमा मात्र वादीको हक कायम गर्ने ठहऱ्याएको यस अदालतको मिति २०६६।६।२८ को फैसला *नेकाप*

२०४३, नि.नं. २९००, पृ. १०६२, *नेकाप* २०४६, नि.नं. ४००१, पृ. ११५८ र नेकाप २०५४ नि.नं. ६३०९, पृ.५२ मा प्रतिपादित सिद्धान्त समेतको विपरीत देखिएकाले न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अनुसार पुनरावलोकन गर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल साउन १० गते रोज ४ शुभम् ।

## पूर्ण इजलासमा पेश हुने

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६८-WO-१३१५, परमादेश, *राजेश सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकको माग सार्वजनिक महत्त्व र राष्ट्रिय सरोकारको गम्भीर र महत्त्वपूर्ण विषयसँग सम्बन्धित रहेको तथा संसदीय सुनुवाइको आवश्यकता, महत्त्व, प्रक्रिया र यससम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, नेपालको संवैधानिक व्यवस्था र अनुभव समेतको विषयमा व्यापक छलफल गरी निवेदकको मागको सम्बन्धमा संवैधानिक प्रश्नको व्याख्या गरी निरूपण गर्नुपर्ने विषय भएकोले प्रस्तुत रिटको सुनुवाइ पूर्ण इजलासबाट गर्न उपयुक्त हुने हुँदा प्रत्यर्थीहरूबाट लिखित जवाफ परेपछि प्रस्तुत मुद्दालाई अग्राधिकार दिई पेशीमा चढाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ७क बमोजिम पूर्ण इजलासमक्ष पेश गर्नुपर्ने ।

इति संवत् २०६९ साल साउन ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-०००८, उत्प्रेषण परमादेश, *चतुर्भुज भट्ट वि. कृषि सामग्री कम्पनी लि.*

विपक्षी कम्पनीले कम्पनीमा कार्यरत् इच्छुक स्थायी कर्मचारीहरूको लागि स्वेच्छिक अवकाशको आवेदन आव्हान गरी मिति २०६५।११।१४ मा प्रकाशित गरिएको सूचनाको प्रकरण (ख) मा "२०६५ साल फागुन मसान्तसम्ममा उमेरको हदले अनिवार्य अवकाश हुने अवधिमा कम्तीमा डेढ वर्ष वा सो भन्दा बढी अवधि बाँकी रहेका कर्मचारीहरूलाई निजले कम्पनीमा सेवा गरेको खुद स्थायी सेवाप्रति वर्ष १ (एक) महिनाको हिसाबले खाईपाई आएको तलव बराबरको रकमले हुन आउने रकम अतिरिक्त सहुलियत दिने" भनी सूचित गरेअनुरूप निवेदकहरूले आवेदन पेश गरेकोमा कम्पनीको मिति २०६५।१२।१० को निर्णयानुसार मिति २०६५।१२।११ गतेदेखि लागू हुने गरी निजहरूको स्वेच्छिक अवकाश स्वीकृत गरी सो बापत कम्पनीको निर्णयानुसार निजहरूलाई भुक्तानी गरिएको अतिरिक्त सहुलियत बापतको रकम नै देखिन आएको हुँदा त्यस्तो अतिरिक्त सहुलियत बापतको रकमलाई सेवा निवृत्त कर्मचारीले अवकाश भएपश्चात् कानूनअनुरूप पाउने भुक्तानीको रूपमा आयकर ऐन, २०५८ को दफा ८८(१) को "अवकाश भुक्तानी" शब्दले समेट्ने नदेखिने ।

कानूनबमोजिम बाहेक कर लगाउन र असूल गर्न मिल्दैन । यस सम्बन्धमा नेपालको अन्तरिम संविधानको धारा ८९(१) मा कानूनबमोजिम बाहेक कर लगाइने र उठाइने छैन भनी संवैधानिक व्यवस्था समेत गरिएको छ। उपरोक्त संवैधानिक व्यवस्थाको परिप्रेक्ष्यबाट समेत आयकर ऐन, २०५८ को दफा ८८(१) मा उल्लेखै नभएको अतिरिक्त सहुलियतबापतको रकममा सो दफा आकर्षित हुने भन्दै १५ प्रतिशतका दरले सो रकममा कर कट्टी गरी भुक्तानी दिने विपक्षी कम्पनीको निर्णय उक्त दफा ८८(१) कानूनसम्मत् रहेको भन्न र मान्न नमिल्ने ।

स्वेच्छिक अवकाश योजना अन्तर्गत अवकाश कोषमा रहने रकम बाहेक छुट्टै निर्णयको आधारमा स्वेच्छिक अवकास योजना स्वीकार गरेबापत भुक्तानी हुने एकमुष्ट रकम आयकर ऐन, २०५८ को दफा २(ङ) मा परिभाषित अवकास भुक्तानीको दायरामा पर्ने, नपर्ने के हो र यस्तो रकम भुक्तानी गर्दा उक्त ऐनको दफा ८८(१) अनुसार स्रोतमा कट्टा गर्न पर्ने नपर्ने के हो भन्ने जस्ता प्रश्नहरूको निराकरण तथा उल्लिखित आयकर ऐन, २०५८ को दफा ८८(१) को व्याख्या एवं न्यायिक एकरूपताको लागि प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृत: हरिकृष्ण कार्की

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज १ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६८-WS-००८१, उत्प्रेषण समेत, *श्रीप्रसाद पण्डित समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्टको राय:**

लगानी बोर्ड ऐन, २०६८ लगानी बोर्ड गठनका लागि बनेको ऐन हो भन्ने कुरा ऐनको प्रस्तावनाबाटै देखिन्छ । उक्त ऐनको दफा ३ बमोजिम गठित लगानी बोर्डको दैनिक प्रशासन सञ्चालन र कार्य सम्पादनका लागि नियुक्त गरिने कार्यकारी प्रमुख नै बोर्डको प्रमुख प्रशासकीय पदाधिकारी रहने व्यवस्था ऐनको दफा १३ ले गरेको पाइयो । उक्त ऐनले कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्ट व्यवस्था गरेको र मूलत: बोर्डबाट भएका निर्णयहरूको कार्यान्वयनको जिम्मेवारी निजमा निहीत रहेको भन्ने देखिन्छ । ऐनको दफा ७ को खण्ड (क) ले लगानीमा प्रतिस्पर्धात्मक पद्धतिको अवलम्बनलाई अनिवार्य गरेको छ । उल्लिखित सन्दर्भमा कुनै प्रतिस्पर्धा बिना नै उक्त बोर्डको प्रमुख कार्यकारी अधिकृतद्वारा मिति २०६९।२।२१ मा Infrastructure Leasing & Financial Services (IL & FS) का प्रमुख कार्यकारी अधिकृतलाई सम्बोधन गरी लेखिएको पत्रबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति, सञ्चालन र मर्मत सम्भारको जिम्मेवारी IL&FS लाई प्रदान गर्ने गरी प्रक्रिया अघि बढिसकेको भन्ने कुरालाई प्रस्तुत निवेदनमा उठाइएको पाइन्छ । निवेदनमा उल्लेख गरिएको उक्त पत्रको अवलोकन गर्दा त्यसमा नेपाल सरकारले लगानी बोर्डको कार्यालयलाई सोसम्बन्धी प्रक्रिया अघि बढाउन अख्तियार प्रदान गरेको भन्ने समेतको आधार ग्रहण गरी पत्र लेखिएको भन्ने देखिन्छ । लगानी बोर्ड ऐन, २०६८ को दफा ७ मा बोर्डबाट स्वीकृत परियोजनामा प्रतिस्पर्धाको लागि लगानीकर्ताबाट तोकिएबमोजिम प्रस्ताव आह्वान गर्ने लगायतका प्रक्रियाहरू निश्चित गरिएको परिप्रेक्ष्यमा उल्लिखित कानूनी व्यवस्थाको अनुशरण नगरी औपचारिक प्रस्ताव पेश गर्न IL & FS का प्रमुख कार्यकारी अधिकृतलाई सम्बोधन गरी पत्राचार गर्ने समेतको कार्य भएको देखिएबाट लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतद्वारा ६।३।२०१२ तदनुसार २०६९।२।२१ मा IL&FS का प्रमुख कार्यकारी अधिकृतलाई सम्बोधन गरी लेखिएको उक्त पत्रबमोजिमको कार्य यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म नगर्नु, नगराउनू विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

**मा.न्या.श्री रामकुमारप्रसाद शाहको राय:**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति, सुधार र व्यवस्थापन समेत भारतीय कम्पनीलाई निर्माण, स्वामित्व सञ्चालन र हस्तान्तरण (BOOT/Build, Own, Operate and Transfer) सिद्धान्तअनुसार दिने गरी नेपाल सरकारले ईच्छापत्र माग गरी सोको आधारमा समझदारीपत्र ( Memorandom of Understanding) मा दस्तखत गरिसकेको भन्ने बुझिलिएको त्यस्तो MOU तत्काल कार्यान्वयन नगर्नु भनी कान्तिपुर दैनिकमा आषाढ २०,२०६९ मा प्रकाशित समाचारको आधारमा रिट निवेदन दिई अन्तरिम आदेश समेतको माग गरेको देखिन्छ । भारतीय कम्पनीलाई अन्तर्राष्ट्रिय विमानस्थलको व्यवस्थापन, रेखदेख समेतको जिम्मेवारी दिँदा त्यहाँ स्थित अध्यागमन, भन्सार, सुरक्षा समेतको राष्ट्रिय सम्बेदनशील क्षेत्र प्रभावित हुने भन्ने निवेदकको आशंका एवं भय रिट निवेदनमा व्यक्त गरेको पाइन्छ । तर, नेपाल सरकार र उक्त भारतीय कम्पनीबीच के कस्तो कार्यक्षेत्रका सम्बन्धमा कुन विधि र प्रक्रियाबाट के व्यहोराको समझदारीपत्र खडा भई दस्तखत समेत भएको हो भन्ने सम्बन्धमा कुनै पनि आधारयुक्त कुरा निवेदनमा उल्लेख गरेको पाइँदैन । साथै सोही कान्तिपुर दैनिकको समाचार अंशमा अध्यागमन, सुरक्षा, भन्सार र टावरको व्यवस्थापन कसैलाई नदिएको भन्ने उल्लेख रहेबाट उक्त क्षेत्रको सम्बेदनशीलता के कसरी प्रभावित हने हो सो सम्बन्धमा निवेदनमा खुलाइएको देखिँदैन । नेपाल सरकारको तर्फबाट रहनु भएका महान्यायाधिवक्तालगायतका सरकारी पक्षबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सम्बन्धमा

कसैसँग कुनै समझदारीपत्रमा हस्ताक्षर नभएको भनी स्पष्ट रूपमा अदालतसमक्ष वहसको क्रममा व्यक्त गर्नु भएको छ भने प्रत्यर्थी सम्माननीय प्रधानमन्त्रीको आज प्राप्त लिखित जवाफमा पनि त्यस्तो समझदारीपत्रमा दस्तखत नभएको भनी उल्लेख गरेको देखिन आएबाट समझदारीपत्रमा दस्तखत भइसकेको भन्ने निवेदकको कथनको कुनै आधार देखिन नआउने ।

लगानी बोर्डले मिति २०६९।२।१३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार, स्तरोन्नतिको आयोजनालाई ग्रहण र स्वीकार गर्ने निर्णय गरेको र सो समेतका आयोजनाका सम्बन्धमा "नेपाल ट्रष्टको कार्यालयसँग समन्वय गरी अगाडि बढ्न निर्देशन दिने" भन्ने निर्णय गरेको देखिन्छ । सो निर्णयबमोजिम लगानी बोर्डको कार्यालयबाट प्रमुख कार्यकारी अधिकृतले Infrastructure Leasing & Financial Services (IL&FS) नामक भारतीय कम्पनीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति, सञ्चालन एवं सम्भारका सम्बन्धमा लगानी बोर्डबाट स्वीकृति प्रदान गरिएकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुधारको सम्बन्धमा औपचारिक प्रस्ताव प्रस्तुत गर्न निमन्त्रणा गर्दछु भनी पत्राचार गरेको र सो पत्र लगानी बोर्ड ऐन, २०६८ को दफा ७ को खण्ड (क) को विपरीत रहेको भन्ने निवेदकको कथन रहेको छ । उक्त दफा ७ को खण्ड (क) मा बोर्डबाट स्वीकृत परियोजनामा प्रतिस्पर्धाको लागि लगानीकर्ताबाट तोकिएबमोजिम प्रस्ताव आह्वान गर्ने भन्ने व्यवस्था रहेको छ । "तोकिए बमोजिम" भन्नाले ऐनको दफा २ को खण्ड (ङ) मा "यसअन्तर्गत बनेको नियममा तोकिएबमोजिम जनाउँछ" भन्ने व्यवस्था रहेकोले कार्यालयको तर्फबाट प्रमुख कार्यकारी अधिकृतले जे जस्तो पत्र लेखे पनि अथवा कुनै लगानीकर्ताले पत्र मात्रको आधारमा तोकिएबमोजिमका ढाँचा, दस्तूर परियोजनाको डिजाइन, लागत आर्थिक क्षमता वा प्राविधिक योग्यता समेतका सम्बन्धमा विस्तृत विवरण नदिएमा दफा १० बमोजिम बोर्डसमक्ष निवेदन पेश नै हुन नसक्ने हुन्छ । बोर्डका प्रमुख कार्यकारी अधिकृतले लेखेको त्यस्तो पत्रको कुनै कानूनी परिणाम वा प्रभाव नहुने अवस्थामा सोही पत्र मात्रको आधारमा निवेदनमा उल्लेख भएबमोजिम राष्ट्रिय हित र सरोकारमा तथा सुरक्षाको सम्बेदनशीलतामा गम्भीर असर पर्ने र राष्ट्र वा समुदायलाई अपूरणीय क्षति हुन सक्ने भन्न मिल्ने हुँदैन । लगानी बोर्डको कामकारवाही वा निर्णय त्रुटिपूर्ण भएमा वा सो कानूनको व्यापक उल्लंघन भएको अवस्थामा निवेदकले सोही अवस्थामा अर्को निवेदन दिई अन्तरिम आदेश समेतको माग गर्न सक्ने अवस्था विद्यमान रहेको देखिएकोले बोर्डको प्रमुख कार्यकारी अधिकृतको उक्त ३ जुन, २०१२ को पत्रबाट अपूरणीय क्षति वा सुविधा, सन्तुलनको दृष्टिबाट राष्ट्र, राष्ट्रियता र व्यापक जनसमुदायमा मर्का पर्न सक्ने नहुँदा मागबमोजिम अन्तरिम आदेश जारी गर्न नमिल्ने ।

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, रिट निवेदन नं.** ०६९-WO-०००९, उत्प्रेषणयुक्त परमादेश, *चेतनाथ लम्साल वि. मालपोत कार्यालय, टीकापुर, कैलाली समेत*

बैंकबाट सुरक्षणमा रहेको सम्पत्ति खण्डित गरी लिलाम बिक्री गरेको भन्ने देखिएकोले यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदनमा उल्लिखित लिलाम भई दा.खा. समेत भएको भनेको सम्पत्ति यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश समेत जारी हुने ।

इति संवत् २०६९ साल साउन ८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-१३१४, उत्प्रेषण, *रत्नबहादुर कार्की समेत वि. श्रम अदालत समेत*

वैदेशिक सहयोगबाट परियोजनाका रूपमा सञ्चालित निवेदक ग्रामीण पुनर्निर्माण संस्था र विपक्षीमध्येका रुद्र थापाबीच मार्च २५, २०११ मा डिसेम्बर ३१, २०११ सम्म निवेदक संस्थामा काम गर्ने गरी करार भएको देखिएको र निवेदक संस्था तीन वर्षसम्म कायम रही रहने प्रत्याभूति नभएको अवस्थामा सहकर्मी महिला कर्मचारीलाई यौन दुर्व्यवहार गरेकोमा अवकाश दिने निर्णय कायम राख्ने तर तीन वर्ष बराबरको पारिश्रमिक कुनै कानूनको उल्लेख नगरी क्षतिपूर्तिस्वरूप दिने भन्ने श्रम अदालतको निर्णय भएको पाइयो । विवादको विषयवस्तुको सन्दर्भमा अन्तिम सुनुवाइ भई रिट खारेज भएमा सो रकम विपक्षीले पउन सक्ने तर रिट जारी भएमा प्रदान गरिसकिएको रकम निवेदकले असूल गर्न अन्य कानूनी प्रक्रिया

अपनाउन पर्ने अवस्थामा निवेदकलाई हुन जाने अपूरणीय क्षति तथा सुविधा सन्तुलनको दृष्टिबाट समेत निवेदनको अन्तिम निर्णय नभएसम्मका लागि तीन वर्ष बराबरको पारिश्रमिक क्षतिपूर्तिस्वरूप निवेदक संस्थाबाट विपक्षीले भरीपाउने ठहऱ्याई श्रम अदालतबाट मिति २०६८।१२।३० मा भएको निर्णय खण्ड कार्यान्वयन नगर्नु, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन ७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रिट निवेदन नं. ०६९-WO-००३८, उत्प्रेषण, *ज्ञानु ढुङ्गाना समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क ले सरूवाको समयतालिका र अवधिमा मन्त्रालयले प्रत्येक वर्षको असोज महिनामा सरूवा गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा रिट निवेदकलाई मिति २०६९।०१।२७ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर) को निर्णयअनुसार सरूवा गरिएको भनी विभिन्न मितिमा पत्रहरू प्रेषित भएको देखियो । कानूनले नै असोज महिनामा सरूवा हुन सक्ने व्यवस्था गरेकोमा यी रिट निवेदकलाई मिति २०६९।०१।२७ को निर्णयअनुसार सरूवा भएको स्थानमा जान परेमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई बढी मर्का पर्नसक्ने र अपूरणीय क्षति हुनसक्ने देखिँदा पछि ठहरेबमोजिम हुने गरी हाललाई मिति २०६९।१।२७ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सचिवस्तरको निर्णयअनुसार निवेदकहरूलाई रमाना पत्र नदिनु र सोही स्थानमा काम गर्न दिनु भन्ने समेतको विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रिट निवेदन नं. ०६९-WO-००२९, उत्प्रेषण, *तुलाप्रसाद सुवेदी समेत वि. आन्तरिक राजश्व विभाग समेत*

बोनस ऐन, २०३० को दफा ५(१) ले मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बोनसबापत छुट्ट्याउनु पर्छ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । सो कानूनी व्यवस्थाबमोजिम खुद मुनाफाबाट १० प्रतिशत छुट्ट्याउन पाउने निवेदकको कानूनी हकमा मिति २०६५।०५।०२ को परिपत्रबाट प्रतिकूल असर पर्न गएमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई बढी मर्का पर्नसक्ने देखिँदा पछि ठहरेबमोजिम हुने गरी तत्काललाई निवेदकको हकमा बोनस ऐन, २०३० को दफा ५(१) को प्रतिकूल हुने गरी मिति २०६५।०५।०२ को परिपत्रको कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रिट निवेदन नं. ०६९-WO-००४०, उत्प्रेषण, *नारायणबहादुर राई समेत वि. शिक्षा मन्त्रालय समेत*

निवेदकको स्थायी नियुक्तिलाई असर पर्ने गरी करार सेवातर्फ परिणत गर्ने गरेको निर्णय विरूद्ध निवेदकले यसै अदालतमा रिट निवेदन दायर गरी मुद्दा कारवाहीमा चलिरहेको अवस्थामा उक्त रिटलाई प्रतिकूल असर पर्ने गरी निवेदकको सेवा नै अन्त्य गर्ने गरी मिति २०६९।०३।३१ को निर्णय र मिति २०६९।०४।०२ को पत्र कार्यान्वयन हुन गएमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकहरूलाई बढी मर्का परी अपूरणीय क्षति हुन सक्ने देखिँदा पछि ठहरेबमोजिम हुने गरी हाललाई निवेदकहरू विरूद्ध मिति २०६९।०३।३१ को निर्णय र मिति २०६९।०४।०२ को पत्र कार्यान्वयन नगर्नु, नगराउनू, निवेदकहरूलाई पूर्ववत्‌रूपमा काम गर्न दिनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।